

फेसियल हाउसको..... पृष्ठ ६

ग्राहक प्रति

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108

काठमाडौं

। वर्ष १५, अंक १९६, काठमाडौं, आइतबार १२ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np I Email rajdhaninews@gmail.com I RAJDHANI Nepali National Daily I Kathmandu, Sunday 27 December 2015 I पृष्ठ : ८ मूल्य रु. ५/-

## संशोधन प्रक्रिया स्थगित गर्न मोर्चाको प्रस्ताव

**काठमाडौं/रास-** आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले वार्ता निष्कर्षमा नपुग्दासम्म व्यवस्थापिका संसद्मा पेस भएको संविधान संशोधन विधेयक पारित गराउने प्रक्रिया स्थगित गर्न प्रस्ताव गरेको छ।

नेपाली कांग्रेस र एकीकृत नेकपा माओवादीसँग मोर्चाले आफूहरूसँग सुरु भएको वार्ता निष्कर्षमा नपुग्दासम्म संविधान संशोधन प्रस्ताव अघि नबढाउन आग्रह गरेको हो। मोर्चाको प्रस्तावमा कांग्रेस र एमाओवादीका नेताहरूले भने आइतबार सभामुख र एमालेका नेताहरूसँग गम्भीर छलफल गर्ने बताएका छन्। आइतबार नै संसद्मा विधेयकमाथि छलफल हुने कार्यसूची छ।

(**बाँकी पृष्ठ २ मा**)

## राप्रपा अध्यक्षमा चन्द



**काठमाडौं/रास-** राष्ट्रिय प्रजातन्त्र पार्टीको अध्यक्षमा लोकेन्द्रबहादुर चन्द चुनिएका छन्। शनिबार बसेको केन्द्रीय समिति बैठकको अध्यक्षता गरेका पशुपतिशमशेर राणाको प्रस्तावलाई अन्य सदस्यले स्वीकार गरेपछि चन्द अध्यक्ष बनेका हुन्।

चन्द अध्यक्ष चुनिएपछि राप्रपाको डेढ वर्षदेखिको विवाद पनि अन्त्य भएको छ। करिब एक महिनाअघि नेता चन्द र अध्यक्ष राणाबिच भएको सहमतिलाई राणाले शनिबार कार्यान्वयन गरेका हुन्।

(**बाँकी पृष्ठ २ मा**)

राजधानी कुरी-कुरी

-उत्तम नेपाल




पैले कालाबजारी, ठग, तस्कर, डन, ठेकेदार र कमिशनखोरहरु भित्र आउँनोस्त ढोगभेट गर्न..!

# एसएसबीले लखेट्यो मोर्चाका कार्यकर्ता

### झडपमा सद्भावना अध्यक्ष महतो घाइते



**सुदीप कोइराला/राजधानी**
मोरङ, ११ पुस

विराटनगर-जोगवनी नाकामा धर्ना दिई रानी भन्सार नाका बन्द गर्न खोज्दा शनिबार भएको झडपमा सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोसहित केही नेता तथा कार्यकर्ता घाइते भएका छन्। झडपमा एकजना प्रहरी जवान पनि घाइते भएका छन्।

नेपाल-भारत सीमा क्षेत्रमा भएको झडपपछि ज्यान जोगाउन भारतीय भूमितर्फ भागेका आन्दोलनकारीमाथि भारतीय सशस्त्र सीमा बल (एसएसबी)ले लाठी प्रहार गरेको छ। एसएसबीको लाठी प्रहारपछि आन्दोलनकारी पुनः नेपाली भूमिमै फर्केपछि सीमा नाकाको स्थिति सामान्य बनेको थियो।

जोगबनी नाकामा धर्ना दिन भारतीय भूमि हुँदै आएका महतो र सद्भावनाका केन्द्रीय सदस्य दिलीप धाडेवासहितका कार्यकर्ताले नाका ठप्प पार्न खोजेपछि नेपाल प्रहरीले हटाउन खोजेको थियो। हटाउन खोज्दा प्रहरीमाथि नै जाइलागेपछि झडप भएको प्रहरीले जनाएको छ।

झडपमा घाइते भएपछि सीमापारि गएका महतोलाई अत्यधिक रक्तस्राव भएपछि एम्बुलेन्समा विराटनगर ल्याइएको थियो।

(**बाँकी पृष्ठ २ मा**)

# एक अर्बको इन्धनले दुई वर्षमा पुरै ग्याँस आयात प्रतिस्थापन

**भीम गौतम, लक्ष्मी सापकोटा/राजधानी**
काठमाडौं, ११ पुस

सर्वसाधारणले ग्याँस नपाएर हाहाकार खेप्नुपरेका बेला सरकारले इन्धनमा सामान्य सहजीकरण गर्दा मात्रै झन्डै दुई वर्षमै १ हजार मेगावाटबराबरको जलविद्युत् उत्पादन भई ग्याँसको आयात पुरै प्रतिस्थापन हुने देखिएको छ। लगातार २० महिनासम्म १ अर्ब २० करोड रुपैयाँबराबरको १२ करोड २९ लाख लिटर डिजेल उपलब्ध गराएमा भारतबाट आयात हुने ग्याँस पुरै विस्थापन हुने सरकारी तथ्यांकले देखाएको हो।

नेपाल आयल निगमका अनुसार ३ अर्ब रुपैयाँ ढुवानीसहित ३० अर्बबराबरको ग्याँस भारतबाट नेपालले आयात गरिरहेको छ। आगामी वर्षभित्र ग्याँस आयात बर्सेनि ३५ अर्ब नाघ्ने अनुमान आयल निगमको छ। सरकार इन्धन उपलब्ध गराउन गम्भीर भएमा बर्सेनि ३० अर्बको आयात घट्नुका साथै सधैंका लागि ग्याँसको परनिर्भरता अन्त्य हुनेछ भने यही उत्पादनलाई बिजुलीको रूपमा उपयोग गरेमा यसबाट स्वदेशी उत्पादनमै वर्षामा लोडसेडिङ अन्त्य गर्न सहयोग पुग्नेछ। 'अहिले ८ सय ५० मेगावाटबराबरको ग्याँस भारतबाट आयात हुने गरेको छ, यतिबराबर विद्युत् उत्पादन भए ग्याँसमा परनिर्भरता अन्त्य हुन्छ,' इन्जिनियरिङ अध्ययन संस्थानको केन्द्रीय ऊर्जा अध्ययन केन्द्रअन्तर्गत ऊर्जा प्रणालीको योजना र विश्लेषण संयोजक प्राध्यापक डा. अमृतमान नकर्मीले भने, 'जति जलविद्युत् उत्पादन बढाउन सक्यो, त्यति नै ग्याँसको आयात घटाउन सकिन्छ।'

ऊर्जा मन्त्रालयअन्तर्गतको विद्युत् विकास विभागले प्रस्तुत गरेको तथ्यांकले विभिन्न ४४ जलविद्युत् आयोजनालाई दैनिक ४४ हजार लिटरका दरले इन्धन उपलब्ध गराउन सके आगामी २० महिनाभित्र १ हजार ५३ मेगावाट विद्युत् उत्पादन थपिन सक्ने देखाएको छ।

'दैनिक १३ हजार लिटर इन्धन उपलब्ध गराए चालु वर्षभित्रै २१ जलविद्युत् आयोजना सम्पन्न भई २ सय ५ मेगावाट विद्युत् थपिन सक्छ भने ३१ हजार लिटर इन्धन थपिएमा आगामी आर्थिक वर्षभित्र २३ जलविद्युत् आयोजनामार्फत ८ सय ४८ मेगावाट विद्युत् थपिने अवस्था छ,' विभागका महानिर्देशक दिनेश घिमिरेले राजधानीसँग भने, 'सरकारले सामान्य सहजीकरण गरेर इन्धन उपलब्ध गराएमा देशलाई धेरै फाइदा हुन सक्छ।'



| आयोजना | मेगावाट | आवश्यक इन्धन (प्रतिदिन) | सम्पन्न |
|---|---|---|---|
| २१ | २०५ | १३ हजार लिटर | चालु वर्षभित्र |
| २३ | ८४८ | ३१ हजार लिटर | आगामी वर्षभित्र |

स्रोत : विद्युत् विकास विभाग

आयल निगमका अनुसारका ग्याँसको माग प्रतिवर्ष १० देखि १५ प्रतिशत बढ्ने गरेको छ। यसको प्रक्षेपणको आधारमा आगामी वर्षभित्र १ सय ५० मेगावाटबराबर ग्याँसको माग बढ्नेछ भने यसको प्रतिस्थापनका लागि १ हजार मेगावाट विद्युत् थप आवश्यक पर्नेछ। विभागको तथ्यांकका आधारमा सरकारले सो परिमाणमा विद्युत् उत्पादनका लागि दैनिक ३६ लाख रुपैयाँबराबरको ४४ हजार लिटर इन्धन उपलब्ध गराउनुपर्नेछ। विभागका अनुसार चालु वर्षभित्र सम्पन्न हुने २ सय ५ मेगावाटबराबरका आयोजनाका लागि २२ करोड ३३ लाख ६० हजार रुपैयाँबराबरको २७ लाख ३० हजार लिटर इन्धन उपलब्ध गराए पुग्छ भने ८ सय ४८ मेगावाटको आयोजनाका लागि ९८ करोड १२ लाख १२ हजारबराबरको ११ करोड ९६ लाख ६ हजार लिटर इन्धन उपलब्ध गराउनुपर्छ।

(**बाँकी पृष्ठ २ मा**)

# डेपुटी गभर्नर नपाए सरकार छाड्ने एमाओवादी धम्की

**शिव सत्याल/राजधानी**
काठमाडौं, ११ पुस

सत्ता साझेदार एकीकृत नेकपा माओवादीले नेपाल राष्ट्र बैंकमा रिक्त दुई डेपुटी गभर्नरमध्ये एक पद आफूले पाउनुपर्ने दाबी गरेको छ। रिक्त रहेका दुई पदमध्ये आफ्नो पार्टीले भनेका व्यक्तिलाई नियुक्त नगर्ने हो भने सत्ता साझेदारीको निरन्तरता संकटमा पर्न सक्ने धम्की पनि सो पार्टीले दिएको छ।

एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर यस्तो चेतावनी दिएका हुन्। रिक्त पदमा गभर्नर डा. चिरञ्जीवी नेपालले आफ्नो पार्टी निकटका कार्यकारी निर्देशकको नाम सिफारिस नगर्ने संकेत पाएको भन्दै एमाओवादीले प्रधानमन्त्रीसँग एकजना डेपुटी गभर्नर आफ्नो पार्टी निकटलाई बनाउन आग्रह गरेको हो।

अर्थमन्त्री विष्णुप्रसाद पौडेल र गभर्नर नेपालबिच एकजना कांग्रेस निकट र एकजना एमाले निकटका कार्यकारी निर्देशकलाई डेपुटी गभर्नर बनाउने सहमति भएको एमाओवादीको दाबी छ। 'नेपाली कांग्रेस र एमालेले भागबन्डा गर्ने भन्ने सुनियो, पूर्वसहमति तोडेर राष्ट्रिय सरकार निर्माणमा बाधक बनेको कांग्रेसलाई भाग दिएर प्रधानमन्त्रीले यो गठबन्धन टुटाउन चाहनुहुन्छ भने बेग्लै कुरा हो, होइन भने प्रतिपक्षको भन्दा पनि सत्ता साझेदारकै हक बढी हुन्छ,' दाहाल निकट स्रोतले राजधानीसँग भन्यो।

राष्ट्र बैंक ऐनमा रिक्त एक डेपुटी गभर्नरमा गभर्नरले दुईजना कार्यकारी निर्देशकको नाम सिफारिस गर्नुपर्ने व्यवस्था छ। गभर्नरको सिफारिसअनुसार अर्थमन्त्रीले मन्त्रिपरिषद् बैठकमा सो प्रस्ताव लानुपर्छ। अर्थमन्त्रीले प्रस्ताव गरेकामध्येबाट मन्त्रिपरिषद्ले डेपुटी गभर्नर नियुक्त गर्नुपर्छ। गत ८ पुसदेखि दुईजना डेपुटी गभर्नरको पद रिक्त भएकाले चारजना कार्यकारी निर्देशकको नाम सिफारिस गर्नुपर्ने हुन्छ। सो सिफारिसमा परेकामध्येबाट सरकारले दुईजनालाई डेपुटी गभर्नर नियुक्त गर्नेछ। डेपुटी गभर्नर गोपाल काफ्ले र महाप्रसाद अधिकारीको कार्यकाल ८ पुसदेखि सकिएको हो।

(**बाँकी पृष्ठ २ मा**)

# प्रहरीकै असुली रोक्न स्पेसल टास्क फोर्स

**टपेन्द्र कार्की/राजधानी**
काठमाडौं, ११ पुस

महानगरीय प्रहरी आयुक्त कार्यालयले मातहत निकायको काम-कारबाहीको अनुगमन गर्न स्पेसल टास्क फोर्स गठन गरेको छ। महानगरीय आयुक्त प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) प्रतापसिंह थापाले प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शरद चन्दको नेतृत्वमा स्पेसल टास्क फोर्स गठन गरेका हुन्।

महानगरीय प्रहरी अपराध महाशाखासहित उपत्यकास्थित तिनओटै प्रहरी परिसर र त्यस मातहत रहेका वृत्त, प्रभाग र चौकीहरूले गर्ने काम-कारबाहीमा 'स्ट्यान्डर्ड मेन्टेन' भएको छ वा छैन ? जनताले कानुनबमोजिम सुविधा पाएका छन् वा छैनन् ? पक्राउ पर्ने व्यक्तिभन्दा सोधपुछको बहानामा अरू नै




पक्राउ परेका छन् कि भन्ने विषयमा अनुगमन र निगरानी राख्न टास्क फोर्स गठन भएको हो। आयुक्त कार्यालय स्रोतका अनुसार मुद्दा शाखाले राम्रो काम गर्न नसकेको तथा वृत्त र प्रभागहरूले परिसर र आयुक्त कार्यालय दुवैको निर्देशन मान्न आनाकानी गरेका कारण पनि स्पेसल टास्क फोर्स गठन भएको हो।

केही वृत्तका प्रमुखहरूले परिसर र आयुक्त कार्यालयको निर्देशनलाई समेत अटेर गरेको, समयमा रिपोर्टिङ नगरेको तथा परिसर प्रमुखलाई काम गर्न असजिलो पार्न खोजेपछि आयुक्त कार्यालयले परिसरलाई समेत सहज वातावरण तयार गर्न अनुगमनका लागि एसएसपी चन्दलाई खटाएको हो। सो टोलीमा अन्य सदस्य पनि रहने व्यवस्था गरिएको छ। तर, केही प्रहरी नायब उपरीक्षक (डीएसपी) हरूको तथा प्रहरी निरीक्षकहरूको तालिम परेका कारण सदस्यहरू तय भइसकेका छैनन्। विभिन्न बहानामा अहिले पनि वृत्त र प्रभागमा काम गर्ने प्रहरीले अभियुक्त र व्यवसायीसँग रकम असुल्दै आएका छन्। लाइनका प्रहरीको आम्दानीको प्रमुख स्रोत रात्रि व्यवसाय हो।

डान्स बार तथा डिस्को चलाउनेहरूले अझै पनि स्थानीय प्रहरीलाई महिनावारी बुझाउँदै आएका छन्। स्रोतका अनुसार लाइनका प्रहरीले हप्ता र महिनावारी असुल गर्न नछाडेकै कारण आयुक्त कार्यालयले परिसरसँगको समन्वयमा टास्क फोर्स गठन गरेको हो। 'पैसा बुझाएन भने अनेक बहानामा दुःख दिन्छन्,' ठमेलमा डान्स बार चलाउँदै आएका एक व्यवसायीले भने, 'कहिलेकाहीं सामान्य झगडा भयो भने हामीलाई पक्राउ गर्छन्, पैसा बुझाएन भने काम गर्नै सकिन्न।' यही विषयलाई ठमेलका रात्रिकालीन व्यवसायीहरूले आयुक्त कार्यालयदेखि परिसरसम्म गुनासो गरेका छन्।

(**बाँकी पृष्ठ २ मा**)







उँधौली पर्वको अवसरमा शनिबार राजधानीको टुँडिखेलमा किरात समुदाय परम्परागत वेशभूषामा साकेला सिल्ली नाच्दै । शुक्रबारबाट सुरु यो पर्व मौलिक परम्पराअनुसार इष्ट देवताको पूजापाठसहित मनाइने गरिन्छ । तस्बिर : द्वारिका काफ्ले/राजधानी

# माओत्सेतुङजस्तै म पनि पार्टीमा एक्लै छु : दाहाल

**रामकृष्ण अधिकारी/राजधानी**
काठमाडौं, ११ पुस



एकीकृत नेकपा माओवादी अध्यक्ष पुष्पकमल दाहालले चिनियाँ कम्युनिस्ट पार्टीका नेता माओत्सेतुङजस्तै आफू पनि अहिले पार्टीमा एक्लै परेको बताएका छन् । चीनमा माओले सर्वहारा सांस्कृतिक क्रान्ति गर्दा सहयात्रीहरूले नै साथ नदिएको, उल्टै माओलाई नै मार्ने षड्यन्त्रसमेत गरेको उदाहरण दिँदै दाहालले पार्टीको मिसन पूरा गर्ने बाटोमा नेपालमा पनि आफू एक्लै परेको बताएका हुन् ।

१२२औं माओ जयन्तीका अवसरमा पार्टी मुख्यालयमा आयोजित कार्यक्रममा दाहालले 'जनयुद्ध'का सारथिहरू मोहन वैद्यदेखि बाबुराम भट्टराईसम्मले आफूलाई एक्लै छोडेर गए पनि हार भने नमानेको बताए। 'चीनमा माओले ७३ वर्षको उमेरमा सांस्कृतिक क्रान्ति गर्दा देङ साओ पिङ साथमा थिएनन्, लिन प्याओ थिएनन्, समकालीन नेताहरू साथमा थिएनन्, घरमा श्रीमतीसँग पनि झगडा थियो,' दाहालले भने, 'म पनि एक्लै छु, वैद्यजी र बाबुरामजीहरू हुनुहुन्न, माओत्सेतुङले जसरी मिसन लिएर निरन्तर अगाडि बढ्नुभयो, त्यसरी नै म पनि मिसन लिएर हिँडेको छु, मलाई आत्मविश्वास छ, म जित्नेछु, जित्नका लागि संसार छ ।'

कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टीका महासचिव मणि थापाले दाहालका वरिपरि सधैंजसो कार्यक्रममा रहने वैद्य, बाबुराम र रामबहादुर थापाजस्ता नेताहरू नरहेको र उनी हिजोका 'कोर टिम' बाट कारबाहीमा परेकोजस्तो देखिएको प्रसंग सुनाएपछि दाहालले त्यस्तो बताएका हुन् । 'सँगै खेल्ने बादल (रामबहादुर थापा) छैनन्, गुरु मानेका किरण (वैद्य) छैनन्, हुँदा-हुँदा साथी बाबुराम पनि छैनन्,' थापाले कार्यक्रममा प्रचण्डप्रति इंगित गर्दै भनेका थिए, 'हिजोको कोर टिमबाट प्रचण्ड (दाहाल) कारबाहीमा परेको जस्तो देखिनुभएको छ, दायाँ-बायाँ ती नेताहरू नहुँदा पनि प्रचण्ड निराश देखिनुहुन्न । बरु किरण र बाबुराममै निराशा देखिन्छ ।'

कार्यक्रममा मन्तव्य राख्ने क्रममा दाहाललाई हौस्याएका थापाले माओवादी आन्दोलनलाई अझै एक चरण दाहालकै नेतृत्वमा अगाडि बढाउनुपर्ने र आफू नेता मान्न तयार रहेको बताएपछि बोलेका दाहालले चीनको माओको सांस्कृतिक क्रान्तिका बेलाको कथालाई एमाओवादीसँगको पार्टी जीवनसँग जोडेर स्मरण गरेका थिए ।

'एक वर्षअगाडि केन्द्रीय समितिको बैठक सुरु गर्दा मैले २५ बुँदे प्रस्ताव राखेको थिएँ, त्यो प्रस्ताव झन्डै-झन्डै सांस्कृतिक क्रान्तिको बेला माओले चीनमा राखेको १६ बुँदे प्रस्तावजस्तै थियो,' दाहालले भने, 'त्यसबेला माओले लिन प्याओलाई मपछि तपाईं अध्यक्ष बन्ने हो भनेर प्रस्ताव गर्नुभएको थियो, जब माओले लिन प्याओलाई अध्यक्ष के भनिदिनुभएको थियो, त्यो रातदेखि लिन प्याओ राम्रोसँग सुत्न पनि सकेनन्, माओ कहिले मर्लान् र अध्यक्ष हुन पाइएला भनेर कुर्न थाले, मर्ने छाँटकाँटै नदेखिएपछि गोली हानेरै मार्ने प्रयास गरे तर उनले मार्न सकेनन्, आफैं पार्टी छोडेर दुस्मनको क्याम्पतिर भाग्न खोज्दा बाटोमा मरे ।'

पार्टीमा सधैं उत्तराधिकारीको बहस चलाउँदै आएका बाबुरामलाई घुमाउरो पारामा लिन प्याओकै अनुसरण गर्न खोजेको भन्दै दाहालले व्यंग्य गरे । 'सबैले बुझिहाल्नुभयो, योभन्दा धेरै भन्नुपरेन,' दाहालले भने, 'चीनकै शैलीको फोटोकपी अहिले यहाँ पनि देखिन खोज्दै छ ।'

उनले पार्टी नेतृत्व कसैले दिनेभन्दा पनि जनता र आन्दोलनले आफैं तयार पार्ने दाहोऱ्याए । 'नेतृत्व कसैको निगाह, इच्छा र आकांक्षाले मात्रै बनिदैन,' उनले भने, 'नेतृत्व जनताले र आन्दोलनले तयार पार्ने हो ।' दाहालले आफू अहिले ६१ वर्ष पूरा गरेर ६२ वर्षमा टेकेको बताउँदै चीनमा माओले जस्तै क्रान्ति गर्नका लागि आफूसँग अझै १० वर्ष उमेर बाँकी नै रहेको बताए । 'उमेरले क्रान्ति गर्ने/नगर्ने भन्ने कुरा होइन, मुख्य कुरा वर्गप्रतिको इमानदारिता र निष्ठा हो,' दाहालले थपे, 'म अहिले ६२ वर्षमा पुगें, माओकै उमेर हेर्ने हो भने अझै मेरो १० वर्ष बाँकी नै छ ।' उनले अबको दुई वर्ष आफैंले नेतृत्व लिएर विगतकै अवस्थामा पार्टीलाई फर्काउने प्रतिबद्धता जनाए ।

'हामी सबैले कमजोरीको आत्मसमीक्षा गऱ्यौं, अहिले पनि देश माओवादीकै एजेन्डामा छ, माओवादीतिरै मधेसी, जनजाति, थारूहरूले आशाको नजरले हेरेका छन्, सबैले मेहनत गऱ्यौं, दुई वर्ष होइन, त्योभन्दा अगाडि नै पार्टीलाई पुरानै अवस्थामा फर्काउन सकिन्छ ।'

कार्यक्रममा एमाओवादी अनुशासन विभाग संयोजक अमिक शेरचनले माओवादी नेताहरूलाई कुराले नभई व्यवहारले माओवादी बन्न सुझाए । उनले आफूले कम्युनिस्ट पार्टीको सदस्यता लिएको ५४ वर्ष भएको सुनाउँदै ७३ वर्षको उमेरमा पनि अझै जोशका साथ आन्दोलनमा लाग्न सक्ने जिकिर गरे ।

राजनीति पद/प्रतिष्ठाका लागि नगरेको भन्दै उनले पदकै लागि मरिहत्ते गरेको भए आफू राष्ट्रपति या एमाले पार्टीको अध्यक्ष उहिल्यै भइसक्ने जिकिर गरे। 'म उहिल्यै एमाले अध्यक्ष भइसक्केको हुने थिएँ, मनमोहनजीको निधनपछि मलाई एमाले नेताहरूले अध्यक्ष भइदिन प्रस्ताव नै गरेका थिए, प्रदीप नेपाल, झलनाथ खनालसम्मले प्रस्ताव बोकेर आउनुभएको थियो, ठैवमा दिलबहादुर श्रेष्ठको घरमा पनि प्रस्ताव लिएर जानुभएको थियो,' शेरचनले थपे, 'अहिले पनि प्रचण्डले राष्ट्रपति बन्न प्रस्ताव गर्नुभएको थियो ।'

उनले राष्ट्रपतिमा आफूले उम्मेदवारी दिएको भए कांग्रेस र एमालेलाईसमेत अप्ठ्यारो अवस्था आइलाग्ने आँकलन गरे । 'कांग्रेसले त पैंचो तिर्न बाँकी छ मलाई, एमालेले पनि मदन भण्डारीको हत्या नै भएको हो भनेर आन्दोलन गर्दा म बेहोसै भएर लडेको छु,' शेरचनले थपे, 'राष्ट्रपतिमा मैले उम्मेदवारी दिएको भए कांग्रेस-एमाले पनि अप्ठ्यारोमा पर्थे । तर, मैले पद र प्रतिष्ठाको लोभ देखाइन ।'

# फुलचोकी घुम्न गएका युवकको मृत्यु

**राजधानी समाचारदाता**
ललितपुर, ११ पुस

फुलचोकी घुम्न गएका युवकको भीरबाट लडेर ज्यान गएको छ ।

फुलचोकी घुमेर ११ साथीसँगै फर्कने क्रममा बाटो भुलेका युवक काठमाडौं विशालनगर बस्ने २० वर्षीय श्रीयान्स खत्रीको ज्यान गएको ललितपुर प्रहरी परिसरले जनाएको छ ।

आठ युवा र चार युवतीको समूह शुक्रबार दिउँसो फुलचोकी घुम्न गएको थियो । उनीहरू काठमाडौं फर्कने क्रममा बाटो भुलेर अलपत्र परेपछि महानगरीय प्रहरी परिसर ललितपुरबाट एसपी सुशीलकुमार यादव नेतृत्वमा गएको टोलीले राति साढे ११ बजे उद्धार गरेको थियो ।

११ जनाको सकुशल उद्धार गरिए पनि श्रीयान्सको भने भिरबाट लडेर ज्यान गएको हो । उद्धार गरेर ल्याइएका सबैलाई अभिभावकको जिम्मा लगाइएको छ ।

## एक अर्बको...

जलविद्युत्का निजी प्रवर्धकहरूले समेत समयमै इन्धन उपलब्धताका साथै आवश्यक वातावरण निर्माण गर्न सकेमा दुई वर्षभित्र धेरै जलविद्युत् आयोजना सम्पन्न गर्ने बताएका छन् ।

'इन्धन र आवश्यक वातावरण भएमा हामीले आगामी वर्षभित्र ४१ जलविद्युत् आयोजना निजी क्षेत्रबाट सम्पन्न हुने अवस्था छ,' स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष खड्गबहादुर विष्टले भने, 'केही जलविद्युत् आयोजनाहरूलाई थोरै मात्रामा उपलब्ध गराउन लागेको थाहा पाएका छौं र ऊर्जा मन्त्रालयले विवरण मागेकाले बुझाएका पनि छौं ।' ऊर्जा मन्त्रालय स्रोत भने इन्धनका लागि ऊर्जा मन्त्रालयले आपूर्ति मन्त्रालयमार्फत आयल निगम र आयल निगमले विभिन्न डिपोमा पत्रको चक्र घुमिरहे पनि इन्धन सहज रूपमा पाउन सकेका छैनन् ।

सहज इन्धन उपलब्ध भएमा विद्युत् प्राधिकरणद्वारा निर्माणाधीन ३० मेगावाटको चमेलिया र १४ मेगावाटको कुलेखानी तेस्रोका साथै विद्युत् प्राधिकरणको सहायक कम्पनीमार्फत निर्माणाधीन ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसीसहित अन्य ४१ निजी क्षेत्रका जलविद्युत् आयोजना निर्माण सम्पन्न हुने विभागको तथ्यांकमा उल्लेख छ ।

## राप्रपा अध्यक्षमा...

'राप्रपा विवाद अब साम्य भएको छ ।। अध्यक्ष राणाले चन्दलाई अध्यक्षमा प्रस्ताव गरेपछि पार्टी विवाद औपचारिक रूपमै समाप्त भएको छ,' बैठकपछि केन्द्रीय सदस्य राजेश गिरीले भने ।

करिब डेढ वर्षदेखि राप्रपा अध्यक्षमा राणा र चन्द दुवैले दाबी गर्दै आएका थिए । आधिकारिकताको मुद्दा निर्वाचन आयोग र सर्वोच्च अदालतमा समेत पुगेको थियो । तर, एक महिनाअघि राणा र चन्दबिच चन्दलाई अध्यक्ष पद छाड्ने सहमति भएको थियो । सहमतिपछि चन्दले निर्वाचन आयोग र सर्वोच्च अदालतमा दायर गरेको मुद्दा फिर्ता लिएका थिए ।

शनिबारको पद हस्तान्तरण कार्यक्रममा चन्द र राणाबिच भएको सहमतिलाई लिएर असुन्तुष्टि जनाउँदै आएका प्रकाशचन्द्र लोहनी, सुनिल थापालगायतका नेताहरूको पनि उपस्थिति थियो । लोहनी र थापाले राणाको प्रस्तावको स्वागत गरेका थिए ।

राप्रपा केन्द्रीय समितिको अर्को बैठक आज (आइतबार) बस्ने भएको छ । आइतबार बस्ने बैठकको अध्यक्षता चन्दले गर्ने भएका छन् । बैठकमा सरकारको काम-कारबाहीलगायतका विषयमा छलफल हुने भएको छ ।

## संशोधन...

कांग्रेस सभापति सुशील कोइराला निवास महाराजगन्जमा शनिबार कांग्रेस, एमाओवादी र मोर्चाको त्रिपक्षीय बैठक बसेको थियो । सुरुमा कांग्रेस र मधेसी मोर्चाका नेताहरूबिच छलफल भएको थियो । त्यसको केही बेरपछि एमाओवादी अध्यक्ष पुष्पकमल दाहालसहितका नेताहरू पनि बैठकमा सहभागी भएका थिए । बैठकमा मधेसी मोर्चाले उठाएका मागहरूको विषयमा गम्भीर छलफल भएको नेताहरूले बताएका छन् । मोर्चाले आफूहरूका मागका विषयमा ठोस सहमति हुनुपर्ने अडान राख्दै सदन स्थगित गरेर ठोस छलफलमा जुट्न प्रस्ताव गरेको थियो ।

'हामीसँगको वार्ता निष्कर्षमा नपुग्दासम्म संविधान संशोधन प्रस्ताव अघि नबढाऔं भनेर उहाँहरूसँग प्रस्ताव राख्यौं, यस विषयमा सभामुख र एमालेसँग आइतबार गम्भीर छलफल गर्छौं भन्नुभएको छ,' बैठकपछि राजधानीसँग कुरा गर्दै तराई मधेस सद्भावना पार्टीका वरिष्ठ उपाध्यक्ष रामनरेश राय यादवले भने।

कांग्रेस प्रवक्ता दिलेन्द्रप्रसाद बडूले भने वार्तामा सदनमा भइरहेको अवरोध हटाउने विषयमा कुराकानी भएको र यस विषयमा आइतबार एमालेसँग कुराकानी हुने बताए । बैठकमा सीमांकनको विवाद मिलाउने विषयमा छलफल केन्द्रित भएको थियो । नेपाली कांग्रेसका नेताहरूले राजनीतिक संयन्त्र बनाएर वा संघीय आयोग बनाई यस विषयलाई टुंग्याउने गरी आन्दोलन स्थगित गर्न मधेसी मोर्चाका नेताहरूसँग आग्रह गरेका थिए । तर, मोर्चाका नेताहरूले सबै विषयमा ठोस सहमति हुनुपर्ने अडान राखेका थिए । 'सीमांकनको विषयमा एउटा राजनीतिक संयन्त्र बनाई या संघीय आयोगबाट टुंग्याऔं भनेर हामीले उहाँहरूसँग प्रस्ताव राख्यौं तर उहाँहरूले सबै विषयमा निष्कर्षमा पुगौं भन्नुभयो,' बैठकमा सहभागी नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले भने ।

बैठकमा कांग्रेसका नेताहरूले संसद्मा दर्ता भएको संविधान संशोधन प्रस्तावमा परिमार्जन गरेर अघि बढ्न आफूहरू तयार भएको बताएका थिए। तर, मधेसी मोर्चाका नेताहरूले संविधान संशोधन प्रस्ताव मात्र नभई समग्र विषयमा कुराकानी केन्द्रित गर्नुपर्ने बताएका थिए । 'उहाँहरूले सदनको अवरोध हटाउने र संविधान संशोधन प्रस्तावको विषयमा कुराकानी केन्द्रित गर्नुभएको थियो तर हामीले भने संविधान संशोधन प्रस्ताव मात्र नभई सबै विषयमा नै सहमति गरौं भनी प्रस्ताव गऱ्यौं,' रामनरेश रायले भने । बैठकमा मोर्चाबाट महन्थ ठाकुर, उपेन्द्र यादव, महेन्द्र यादव र सद्भावना पार्टीका मनीष सुमनलगायतका नेता सहभागी थिए ।

## डेपुटी गभर्नर...

डेपुटी गभर्नर कसलाई बनाउने भन्ने सहमति जुट्न नसक्दा गभर्नर नेपालले कसैको पनि नाम सिफारिस गरेका छैनन् । सुरुमा अर्थमन्त्री पौडेल र गभर्नर नेपालबिच सहमति हुन नसक्दा नाम सिफारिसमा ढिलाइ भएको हो । पछिल्लो समयमा एकजना गभर्नरले चाहेको र एकजना अर्थमन्त्रीले चाहेको व्यक्तिलाई डेपुटी गभर्नर बनाउने सहमति अर्थमन्त्री र गभर्नरबिच भएको स्रोतको दाबी छ । अर्थमन्त्री पौडेलले एमाले निकट कार्यकारी निर्देशक र गभर्नर नेपालले कांग्रेस निकट कार्यकारी निर्देशकलाई डेपुटी गभर्नर बनाउन चाहेका छन् ।

अर्थमन्त्री र गभर्नरबिचको 'सहमति' अनुसार रिक्त दुई डेपुटी गभर्नर पदका लागि गभर्नरले एकजना एमाले निकटका कार्यकारी निर्देशक र तिनजना नेपाली कांग्रेस निकटका कार्यकारी निर्देशकको नाम सिफारिस गर्ने तयारी गरेका थिए। यस्तो अवस्थामा गभर्नर नेपालले कांग्रेस निकट भनेर चिनिएका कार्यकारी निर्देशकहरू त्रिलोचन पंगेनी, शिवनाथ पाण्डे र नारायण पौडेलको नाम सिफारिस गर्ने स्रोतको दाबी छ।

यी तिनैजना कार्यकारी निर्देशक स्याङ्जा स्थायी ठेगाना भएका व्यक्ति हुन् । यस्तै, एमाले निकट कार्यकारी निर्देशकहरूमध्येबाट जनक अधिकारी, भीष्मराज ढुंगाना, चिन्तामणि शिवाकोटी र लक्ष्मीप्रपन्न निरौलामध्ये एकजनाको नाम सिफारिस गर्ने तयारी गभर्नरको थियो। अधिकारी अर्थमन्त्री पौडेलसँग निकट सम्बन्ध भएका र एमाओवादी नेता तथा उपप्रधानमन्त्री टोपबहादुर रायमाझीका छिमेकी हुन्। तर, पछिल्लो समय सत्ता साझेदार एमाओवादीले दाबी प्रस्तुत गरेपछि अर्थमन्त्रीले गभर्नरलाई नाम सिफारिस गर्न 'केही समय पर्खनोस्' भनेको स्रोतको भनाइ छ । गभर्नर नेपाल एकजना आफूले चाहेका व्यक्ति डेपुटी गभर्नर बन्ने अवस्था नआएसम्म नामै सिफारिस नगर्ने अडानमा बसेका उनी निकट स्रोतको भनाइ छ।

एमाओवादीले कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठलाई डेपुटी गभर्नर बनाउन चाहेको छ। उनी एमाओवादी निकट व्यक्ति भनेर चिनिन्छन् । एमाओवादीको मागअनुसार श्रेष्ठलाई डेपुटी गभर्नर बनाइए कांग्रेस निकट भनेर चिनिएका कार्यकारी निर्देशकहरूले सो अवसर पाउने छैनन्। राष्ट्र बैंक ऐनले बहालवाला सबै कार्यकारी निर्देशकलाई डेपुटी गभर्नर बन्नका लागि योग्य ठहऱ्याएको छ । अहिले राष्ट्र बैंकमा १६ जना कार्यकारी निर्देशक छन् । मन्त्रिपरिषद्ले चाहेमा सो १६ जनामध्येबाट जुनसुकै कार्यकारी निर्देशकलाई डेपुटी गभर्नर बनाउन सक्छ।

अहिले राष्ट्र बैंकमा प्रदीपराज पाण्डे, हरिप्रसाद काफ्ले, त्रिलोचन पंगेनी, डा. मीनबहादुर श्रेष्ठ, महेश भट्टराई, शिवराज श्रेष्ठ, नारायण पौडेल, नरबहादुर थापा, डा. विनोद आत्रेय, जनक अधिकारी, भीष्मराज ढुंगाना, चिन्तामणि शिवाकोटी, लक्ष्मीप्रपन्न निरौला, शंकरप्रसाद आचार्य, राजनविक्रम शाह र शिवनाथ पाण्डे कार्यकारी निर्देशकको रूपमा कार्यरत छन् । उनीहरू सबै डेपुटी गभर्नरका प्रतिस्पर्धी हुन् ।

## प्रहरीकै असुली...

आयुक्त कार्यालय स्रोतका अनुसार मुद्दा शाखामा हुने लेनदेन अझै हटेको छैन । त्यस विषयमा पनि गुनासो पुगेको छ । 'मुद्दा चल्ने किसिमका घटनामा पनि केही दिन थुनेर छाडिदिने, मुद्दा कमजोर बनाउने, छिट्टै अदालतमा मुद्दा बुझाउने गरेर प्रहरीले पैसा लिने गरेका छन् भन्ने गुनासो थुप्रै आएका छन्, यसबारे हामी गम्भीर छौं,' आयुक्त कार्यालयका एक अधिकृतले भने ।

प्रहरीले अभियुक्तसँग असुली गरी मुद्दा कमजोर बनाएर अनुसन्धान प्रतिवेदन बनाउने भएकाले नै अधिकांश अभियुक्त अदालतबाट सजिलै छुट्ने गरेका छन् । एसएसपी चन्दको नेतृत्वमा गठन भएको सो अनुगमन टोलीले यस्ता विषयमा समेत विशेष अनुसन्धान दिने बताइएको छ। उपत्यकाका कतिपय क्षेत्रमा अवैध रूपमा बालुवाको तस्करीसमेत हुने गरेको छ। बालुवा ठेकेदारहरू प्रहरीलाई प्रभावित बनाएर मात्र त्यसरी काम गर्न सफल हुन्छन् । अन्य ठूला होटल, हाउजिङ कम्पनी तथा मेनपावरहरूले पनि प्रहरीलाई पैसा बुझाउँदै आएको स्रोतको भनाइ छ । पैसा बुझाउँदा सम्बन्ध राम्रो हुने र कुनै समस्या पर्दा सहयोग गर्ने भएकाले स्थानीय प्रहरीलाई पैसा बुझाउने चलन छ। यसरी विभिन्न क्षेत्रबाट पैसा खाएर प्रहरीले महिनामा लाखौं कमाउने भएकाले उपत्यकाका वृत्त, प्रभागमा ठूलै सोर्सफोर्स भएका प्रहरी मात्र इन्चार्ज हुन पाउने गरेका छन् ।

इन्चार्जहरू मात्र होइन, वृत्तमा काम गर्ने तल्लो तहका प्रहरीले पनि मनग्गे अतिरिक्त आम्दानी गर्ने गरेको स्रोतको दाबी छ । तल्लो तहका प्रहरीहरू वर्षौंदेखि एउटै कार्यालयमा काम गर्दै आएका हुन्छन्। खासगरी सादा पोसाकमा काम गर्न घुमुवाहरू जुनसुकै हाकिम आए पनि खुसी बनाउन माहिर हुन्छन् । तिनै घुमुवामार्फत कार्यालय प्रमुखहरूले पैसा लिने गरेको स्रोतले दाबी गरेको छ । केही वर्षयता वृत्तमा काम गर्ने केही प्रहरीले भने पैसा कमाउनेभन्दा करिअर बनाउने काम गरिरहेका छन्। गलत गर्नेहरू कारबाहीमा पर्दै आएको र वृत्तमा राम्रो काम गर्ने प्रहरी पुरस्कृत हुँदै आएकाले राम्रो काम गर्नेहरूलाई अनुगमनले खासै असर नपार्ने एआईजी थापा बताउँछन् ।

'अहिले काम सुरु भएको छैन, उपत्यकाका सबै कार्यालमा अनुगमन हुन्छ, राम्रो गर्नेलाई कसैले छुन सक्दैन,' आयुक्त कार्यालयका प्रमुख एआईजी थापाले भने। यसअघि पनि आयुक्त कार्यालयले मार्सल टिम बनाएर मातहत निकायको अनुगमन गरेको थियो ।

## एसएसबीले...

उनको विराटनगरस्थित गोल्डेन अस्पतालमा उपचार भइरहेको छ । महतोको टाउको, छाती, औंला र दुईओटै खुट्टामा गम्भीर चोट लागेको सद्भावना पार्टीका सहमहासचिव देवेन्द्र यादवले बताए। यादवका अनुसार बेहोस रहेका महतोलाई आईसीयूमा राखेर उपचार गरिएको छ ।

झडपमा महतोसहित केन्द्रीय सदस्य दिलीप धाडेवा, युवराज साह, जागेश्वर सहनी, मो.अब्दुल हुसेन, मोहन चौधरी, महमद आलम, इन्द्रजित साह, प्रमानन्द यादव, राजेन्द्र श्रेष्ठ, तेन्जिङ राई घाइते भएका छन् । प्रहरीतर्फ प्रहरी जवान धनबहादुर श्रेष्ठ घाइते भएका छन् । झडपपछि स्थिति नियन्त्रणमा लिन एक राउन्ड अश्रुग्याँस प्रहार गर्नुपरेको प्रहरीको भनाइ छ ।

महतोसहितका नेता तथा कार्यकर्ता भारतीय भूमिबाट प्रवेश गरी भन्सार कार्यालयनजिक दसगजा क्षेत्रमा धर्नामा बसेका थिए । भन्सार नाका नजिकै रहेको रानी बसपार्कमा सभा गर्ने भनिएको थियो । तर, भारतीय क्षेत्रबाट प्रवेश गरेका महतोसहितका नेता तथा कार्यकर्ता दसगजामा धर्ना बस्न खोजेपछि हटाउनुपरेको मोरङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक तारिणीप्रसाद लम्सालले बताए। 'हामीले दसगजामा धर्ना बस्न नदिन रोक्न खोज्यौं,' प्रहरी उपरीक्षक लम्सालले भने, 'मोर्चाका कार्यकर्ताले ढुंगा र सिसा प्रहार गरे, भीडलाई नियन्त्रणमा लिन एक राउन्ड अश्रुग्याँस र सामान्य बल प्रयोग गर्नुपऱ्यो ।' उनका अनुसार भन्सार कार्यालयको गेटनजिकको कार्यालयमा मोर्चाका कार्यकर्ताले ढुंगा प्रहार गरेका थिए । त्यसपछि प्रहरीले पनि लाठी र अश्रुग्याँस प्रयोग गर्नुपरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

केही दिनदेखि शान्त रहेको जोगवनी नाका झडपपछि केही समयसम्म तनावग्रस्त बनेको थियो। झडपपछि त्यहाँबाट सर्वसाधारणको आवतजावतसमेत प्रभावित भएको थियो । झडपपछि भारतीय भूमिमा भागेका प्रदर्शनकारीले भारतीय भूमिबाट ढुंगामुढा गरेका थिए। करिब १५ मिनेटपछि भारतीय सुरक्षा बल एसएसबीका जवानले प्रदर्शनकारीलाई लाठीले हान्दै लखेटेका थिए ।


**नाम परिवर्तन सम्बन्धी सूचना**

शिव ज्योति हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.को मिति २०७० /०९/२४ मा सम्पन्न वार्षिक साधारण सभाबाट यस कम्पनीको नाम परिवर्तन भई साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने बेहोर्ने गरी अब उप्रान्त शिव ज्योति हस्पिटल प्रा.लि. अंग्रेजीमा Shiva Jyoti Hospital Pvt. Ltd. कायम हुनेगरी कम्पनी रजिष्ट्रार को कार्यालयबाट स्वीकृत प्राप्त भएको हुँदा सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शिव ज्योति हस्पिटल प्रा.लि.**
बल्खु, काठमाडौं



**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**
बागबजार, काठमाडौं, फोन नं. : ४२१९२५२

**१९औं वार्षिक साधारण सभाबारेको सूचना**

मिति २०७२।०९।०९ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको उन्नाइसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति** : २०७२ पौष २८ गते, मंगलबार
**समय** : अपरान्ह १:०० बजे
**स्थान** : हार्दिक होटल, बागबजार



**सौभाग्य बहुउद्धेश्यीय सहकारी संस्था लि.**
गाबहाल, ललितपुर, फोन नं. ५५३३८५३

**१५औं वार्षिक साधारण सभाबारेको सूचना**

मिति २०७२।८।१७ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको पन्ध्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति** : २०७२ पौष २५ गते, शनिबार
**समय** : बिहान ९:०० बजे
**स्थान** : अशोक पार्टी प्यालेस, बालिफल, ललितपुर



**उड कार्भिङ ईण्डष्ट्रिज प्रा. लि. को**
पाटनऔद्योगिक क्षेत्र, सातदोबाटो,ललितपुर फोन: ५५२१४६७, ५५२३७६८, ५५४४२०३

**साधारण सभा सम्बन्धि सूचना**

यस ईण्डष्ट्रिज प्रा. लि. को मिति २०७२।९।२ गते बसेको संचालक समितिको बैठकको निर्णयअनुसार साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

मिति: २०७२।९।२५ गते शनिबार
समय: दिनको १:०० बजे
स्थान: उड कार्भिङ ईण्डष्ट्रिज प्रा.लि. पाटन औद्योगिकक्षेत्र, सातदोबाटो,ललितपुर

## छोटकरी

### चिसोले कठ्यांग्रिएर मृत्यु

**गोरखा/रासस–** चिसोले कठ्यांग्रिएर आरुआर्वाङ-१ बराम गाउँका एक वृद्धको मृत्यु भएको छ। भूकम्पपछि अस्थायी टहरोमा बस्दै आएका ६५ वर्षीय लालबहादुर बरामको शनिबार बिहान मृत्यु भएको हो। स्थानीय शिक्षक टेकराज भट्टका अनुसार टहरोमा एक्लै बस्दै आएका बराम बिहान मृत अवस्थामा भेटिएका हुन्। चिसो बढेपछि उत्तरी गोरखाका भूकम्पपीडित समस्यामा छन्। निरन्तर तुसारो परेपछि बारपाक, लाप्राक, सौरपानी, स्वाँरा, घ्याल्चोक, गुम्दा, लापु, उहिया, काशीगाउँ, केरौंजा र सिर्दिबासलगायत क्षेत्रका भूकम्पपीडित बिरामी परेका छन्।

चिसोले गर्दा निमोनिया, रुघाखोकीजस्ता बिरामी बढे पनि भूकम्प प्रभावित क्षेत्रका स्वास्थ्य संस्थामा औषधिको अभाव छ। राहतमा आएको औषधिले अहिलेसम्म धाने पनि अस्पताल र स्वास्थ्य संस्थामा औषधिको अभाव चुलिँदै गएको छ।

### २ सय १५ बिघाको गाँजा फडानी

**हेटौंडा/रास–** प्रहरीले जिल्लाका विभिन्न क्षेत्रमा लगाइएको गाँजा खेती फडानी अभियानलाई तीव्रता दिएको छ। प्रहरीले पहिलो र दोस्रो चरणमा गरी हालसम्म २ सय २५ बिघामा लगाइएको गाँजा फडानी गरेको जनाएको छ। नामटार गाविसका अधिकांश वडा र कालिकाटार गाविसका केही वडामा लगाइएको गाँजा खेती नष्ट गरिएको प्रहरी नायब उपरीक्षक शिशु शर्माले जानकारी दिए। दुई चरणमा गरी शुक्रबारसम्ममा करिब २ सय १५ बिघा क्षेत्रफलमा लगाइएको गाँजा खेती नष्ट गरिएको उल्लेख छ।

प्रहरीले पहिलो चरणमा मकवानपुरको नामटारका अधिकांश वडामा गाँजा फडानी गरेको जनाएको छ। यस अवधिमा प्रहरीले १ सय २५ बिघा क्षेत्रफलमा गाँजा फडानी गरेको शर्माले बताए।

### छिमेकीको गोठमा आगजनी

**दाङ/रास–** रक्सी र गाँजाको नसामा पश्चिम दाङका एक युवकले छिमेकीको गोठमा आगजनी गरेका छन्। जाँडरक्सी र गाँजाको नसामा रहेका १७ वर्षीय भीमबहादुर पुनले छिमेकी झुपलाल डाँगीको गोठमा आगजनी गरेका हुन्। आगलागीबाट पुन्धारा-८ रोल्पालीतरानिवासी झुपलाल डाँगीको एक हल गोरु र गाईको बाच्छी जलेर मरेका छन्। यसैगरी गोठमा रहेका दाउरा, गाइवस्तुलाई खुवाउने पराल पनि जलेर नष्ट भएको स्थानीय ज्ञानबहादुर खत्रीले बताए। आगो लगाउने पुनलाई स्थानीयले नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका छन्।



**टहरोमा भूकम्पपीडित** — तस्बिर : रासस

*गोरखा लाप्राकका गुम्चीपाखा टहरोमा बसेका भूकम्पपीडित। अझै त्रिपालमुनि रहेका भूकम्पपीडित चिसो बढेपछि बिरामी पर्न थालेका छन्।*

# नाकाबन्दीले ३५ सय मजदुर बेरोजगार

**हेटौंडा औद्योगिक क्षेत्र र बाहिर रहेका १ सय २५ ओटा उद्योगमध्ये १ सय १५ ओटा उद्योग बन्द भइसकेका छन्।**

**ध्रुव अधिकारी/राजधानी**
हेटौंडा, ११ पुस

भारतले गरेको अघोषित नाकाबन्दीका कारण मकवानपुरमा रहेका उद्योगमा कार्यरत मजदुर कामविहीन भएका छन्। हेटौंडा औद्योगिक क्षेत्र र बाहिर रहेका १ सय १५ ओटा उद्योग बन्द हुँदा ३ हजार ५ सय मजदुर बेरोजगार भएका छन्।

मकवानपुरमा रहेका उद्योगमा ४ हजार मजदुर काम गर्ने भए पनि केही उद्योग सञ्चालनमा रहेका कारण ५ सयले रोजगारी पाइरहेका छन्। तर, अन्य उद्योग बन्द हुँदा अरू ३५ सयजना मजदुर कामविहीन भएका हुन्। काम नभए पनि मजदुर उद्योग आउँदै हाजिर गरेर घर फर्कने गरेका छन्।

तिन महिना अगाडिबाट भारतले गरेको नाकाबन्दीका कारण हेटौंडा औद्योगिक क्षेत्रका प्रायः उद्योग बन्द छन्। तराईको आन्दोलनका कारण केही उद्योग बन्द भए पनि नाकाबन्दीपछि अधिकांश उद्योगलाई चाहिने कच्च पदार्थ नआउँदा उद्योग बन्द भएका हुन्। जसले गर्दा उद्योगमा काम गरेर जिविकोपार्जन गरिरहेका सयौं मजदुर मारमा परेका हुन्।

बहुराष्ट्रिय कम्पनी सीएसआई नेपाल पनि तराईमा आन्दोलन सुरु भएदेखि नै बन्द भएको मजदुर किशोर पोखेलले बताए। उनले भने, 'नाकाबन्दीपछि त काम गर्न नपाएर त्यसै बस्नुपरेको छ।' हेटौंडा औद्योगिक क्षेत्र र बाहिर रहेका १ सय २५ ओटा उद्योगमध्ये १ सय १५ ओटा उद्योग बन्द भइसकेका छन्।

उत्पादनको काममा दिनरात व्यस्त हुने गरेका सयौं मजदुर अहिले नाकाबन्दी कहिले खुल्ला भन्ने आसमा रहेका छन्। केही कर्मचारी प्रशासनिक काम भए पनि धेरै जनशक्ति उत्पादनको काममा लाग्ने भएकाले समस्या परेको छ।

औद्योगिक क्षेत्रमा रहेको एन्ट्राटिक बिस्कुट प्रालिमा कार्यरत मजदुर अमर श्रेष्ठले भने, 'बिस्कुटहरू उत्पादन गर्न दैनिक हजार लिटरभन्दा बढी डिजेल प्रयोग गर्नुपर्छ। त्यो डिजेल पाउन नसकेर उद्योग बन्द गर्नुपरेको छ।' हेटौंडामा उत्पादन भएर देशैभर पठाउने र भारतमा समेत सामान निर्यात गर्ने उद्योगले तराई आन्दोलनदेखि नै सास्ती बेहोर्दै आएका छन्।

कच्चा पदार्थको अभावका कारण बहुराष्ट्रिय तिनओटा उद्योगसँगै साना उद्योगसम्म बन्द छन्। मकवानपुरमा भेवरेज उद्योगका मजदुर सरिता पौडेलले शुद्ध पानी उत्पादन गर्ने उद्योगलाई समेत असर गरेको बताइन्। काम नहुँदा घरमा बसेर समय खेर फाल्नुपरेको उनले उल्लेख गरिन्। इन्धन अभावका कारण उद्योग सञ्चालनमा कठिनाइ भएको उनको भनाइ छ।

नाकाबन्दी कहिले खुल्ला र काम गर्न पाइएला भन्ने आसमा मजदुर र कर्मचारी रहेका छन्। नाकाबन्दीले सबैभन्दा मारमा उद्योगी परेका छन्। नाकाबन्दी भएपछि ऋण खोजेर मजदुरलाई तलब खुवाएको उद्योगीले बताएका छन्।

उद्योग संघ मकवानपुरका अध्यक्ष नवराज अर्यालले अब मजदुरलाई तलब खुवाउन नसक्ने अवस्थामा पुगेको बताए। उनले भने, 'अहिलेसम्म त बैंकबाट ऋण लिएर मजदुरलाई तलब खुवाएका छौं। सधैं कहाँबाट ल्याएर खुवाउनु।' मकवानपुर उद्योग बन्द हुँदा दैनिक ५ करोड रुपैयाँ नोक्सान हुने अर्यालले बताए।

# भाइ हत्या आरोपमा पक्राउ

**राजधानी संवाददाता**
इटहरी, ११ पुस

सुनसरीको खनारका सुभाष काफ्ले हत्या प्रकरणका मुख्य अभियुक्त सुभाषका दाजु रमेश काफ्लेलाई प्रहरीले शनिबार भक्तपुरबाट पक्राउ गरेको छ। पक्राउ परेका रमेशलाई शनिबार नै इटहरी ल्याई प्रहरीले सार्वजनिक गरेको छ।

४ मंसिर ०७० मा घरबाट हराएका सुभाषको शव ६ मंसिरमा तत्कालीन हाँसपोसा गाविसको चारकोसे जंगल क्षेत्रमा जलेको अवस्थामा भेटिएको थियो। सम्पत्तिमा लोभिएर सुभाषलाई दाजु रमेशले हत्या गरेको दाबी गर्दै सुभाषकी पत्नी ममता काफ्ले बजगाईंले १९ वैशाख ०७१ मा जेठाजु रमेश, छिमेकी सुभाष गौतम र रमेशका गाडीचालक नरेश चौधरीविरुद्ध इलाका प्रहरी कार्यालय इटहरीमा किटानी जाहेरी दिएकी थिइन्।



*अभियुक्त रमेश काफ्ले*

तर, रमेश फरार रहँदै आएका थिए। उनलाई इलाका प्रहरी कार्यालय इटहरीबाट गएको टोलीले भक्तपुरमा लुकेर बसेको अवस्थामा पक्राउ गरेको इलाका प्रहरी कार्यालय इटहरीका डीएसपी ओम अधिकारीले जानकारी दिए।

सुभाषको हत्या आरोपमा यसअघि नै माओवादीका एक पूर्वलडाकुसहित दुईजनालाई जिल्ला अदालत सुनसरीले पुर्पक्षका लागि थुनामा पठाएको थियो। झापाको शान्तिनगर-२ का पूर्वमाओवादी लडाकु २५ वर्षीय राहुल भनिने रवि भट्टराई र तत्कालीन खनार-६ का ३४ वर्षीय नरेश चौधरी जिल्ला अदालत सुनसरीका न्यायाधीश मेदनीप्रसाद पौडेलको आदेशमा पुर्पक्षका लागि थुनामा पठाइएको थियो।

इलाका प्रहरी कार्यालय इटहरीले सुभाषका दाजु रमेश काफ्लेका गाडीचालक नरेशलाई गत वर्ष २२ असार र पूर्वमाओवादी लडाकु राहुललाई गत वर्ष ३१ असारमा गिरफ्तार गरेको थियो। घटनामा संलग्न अर्का अभियुक्त सुवास गौतम भने फरार छन्।

पैसा र माओवादीको पहुँचका भरमा यसअघि काफ्लेलाई कारबाही नगरी छाडिएको भन्दै मृतकका आफन्तद्वारा चर्को विरोध भएको थियो। त्यसपछि प्रहरीले पुनः काफ्लेलाई पक्रनका लागि प्रहरी खटाए पनि पक्राउ पर्न नसकेको भन्दै आएको थियो।

# हात्ती महोत्सव सुरु

**राजधानी संवाददाता**
चितवन (सौराहा), ११ पुस

चितवनको सौराहामा शनिबारदेखि हात्ती महोत्सव सुरु भएको छ।

'समाज संरक्षण र समृद्धि' भन्ने मूल नाराका साथ सौराहामा १२औं हात्ती महोत्सव आयोजना गरिएको हो। क्षेत्रीय होटल संघ सौराहाको आयोजनामा बाघमारा चौरमा भइरहेको महोत्सवको पहिलो दिन सांस्कृतिक झाँकीसहितको र्‍याली निकालिएको छ।

हात्ती दौडका लागि सिटी फुकेर महोत्सवको उद्घाटन वन तथा भूसंरक्षणमन्त्री अग्नि सापकोटाले गरेका थिए।

देश संकट परेको बेला महोत्सव आयोजना हुनुले नेपालबाहिर राम्रो सन्देश गएको मन्त्री सापकोटाले बताए। उनले सरकारले चीनका पर्यटकलाई फ्री भिसा दिने निर्णयले नेपालको पर्यटनमा ठुलो योगदान रहने दाबी गरे।

कार्यक्रममा वन तथा भूसंरक्षण मन्त्रालयका सचिव उदयचन्द्र ठाकुरले मौसम परिवर्तनले वन्यजन्तुमा समस्या उत्पन्न गराउने भन्दै वनजंगल संरक्षणमा लाग्न सबैमा आग्रह गरेका छन्।

नाकाबन्दीलगायत कारणले पर्यटक सुनसान भएका बेला पर्यटकीय क्षेत्र सौराहामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको चितवन हात्ती महोत्सवले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने व्यवसायीले बताएका छन्।

## बहुविवाह कानुन थप कडा

# स्वीकृतिमा पनि बहुविवाह गर्न नपाइने

**कोकिला ढकाल/राजधानी**
इलाम, ११ पुस

साङरुम्बा-८ का ३१ वर्षीय तेजबहादुर मगरले सोही स्थानकी ४० वर्षीया चन्द्रकुमारी पिठाकोटेसँग ५ पुस ०७१ मा दोस्रो विवाह गरे। एक छोराका बाबु मगरले पिठाकोटेलाई लिएर हिँडेपछि जेठी पत्नी खड्गीमायाले उनीहरूविरुद्ध ५ माघमा जिल्ला प्रहरी कार्यालय इलाममा जाहेरी दिएकी थिइन्। उजुरी परेलगत्तै तेजबहादुर र कान्छी पत्नी चन्द्रकुमारीविरुद्ध जिल्ला अदालतले ११ फागुनमा जनही एक वर्ष कैद र ५ हजार रुपैयाँ जरिमानाको सजाय सुनाएको थियो।

खड्गीमायाले जस्तै पतिले दोस्रो विवाह गरेपछि न्याय माग्दै बाँझो-४ की निरु राईले २७ माघ ०७१ मा जिल्ला प्रहरीमा उजुरी दिएकी थिइन्। निरुका पति जयकुमार राईले १५ पुस ०७१ मा देउकुमारी राईसँग दोस्रो विवाह गरेका थिए। निरुको जाहेरीमाथि जिल्ला अदालतले सुनुवाई गर्दै २ पुसमा जयकुमार राई र देउकुमारी राईविरुद्ध जनही एक-एक वर्ष कैद फैसला सुनाएको थियो। 'कति पटक घर आऊ, गाउँमा नबस भनें, उल्टै उसकी आमासहित लागेर मलाई नै नराम्रो भने,' खड्गीमायाले भनिन्, 'सधैं त्यही चन्द्रकुमारीकोमा बस्छ भन्ने हल्ला सुनेकी थिएँ। अर्को विवाह गर्नलाई रहेछ। अब मेरो र यो छोराको पनि बिजोग पार्‍यो।'

खड्गीमाया र निरु त बहुविवाहबाट पीडित प्रतिनिधि पात्र मात्र हुन्। पतिले बहुविवाह गरेको भन्दै पतिविरुद्ध जाहेरी दिनेको संख्या जिल्ला प्रहरीमा निकै छ।

बर्सेनि हुने बहुविवाहका घटना र पीडितले दिने जाहेरी र जिल्ला अदालतमा पनि बहुविवाहका मुद्दाको पेशी, सुनुवाइ निरन्तर चलिरहेकै छ। तापनि बहुविवाहका घटनामा खासै कमी देखिएको छैन। वहुविवाहका घटना नरोकिएपछि पछिल्लो पटक लैंगिक समानता कायम गर्न तथा लैंगिक हिंसा अन्त्य सम्बन्धमा केही नेपाल ऐन नै संशोधन भएको छ। १४ असोज ०७२ मा राजपत्रमा प्रकाशित संशोधित ऐनले अब पुरुषलाई बहुविवाह गर्न पूर्ण रोक लगाएको छ। पहिला मुलुकी ऐनको विवाहवारी महलमा व्यवस्था भएको दुईओटा बुँदालाई संशोधित ऐनले बहुविवाह गर्न बन्देज गरिदिएको छ। पत्नी बौलाएको अवस्था प्रमाणित भएका पतिले दोस्रो विवाह गर्न पाउने व्यवस्थालाई संशोधित ऐनले हटाएको छ भने पत्नीको कारणबाट सन्तान नभएको प्रमाणित भएमा, पत्नी हिँडडुल गर्न नसक्ने कुँजी भएमा, पत्नी दुवै आँखा नदेख्ने भएमा वा अन्धी भएमा पत्नीको स्वीकृति लिएर दोस्रो विवाह गर्न पाउने व्यवस्थालाई पनि संशोधित ऐनले बन्देज गरिदिएको छ।

संशोधित ऐनले विवाहवारी महलको ९ नम्बरमा पतिपत्नीबिच अंश भई भिन्न बसेमा कुनै लोग्ने मानिसले श्रीमती जीवित छँदै वा कानुनबमोजिम सम्बन्ध विच्छेद नहुँदै अर्को विवाह गर्न वा अर्की पत्नी राख्न नहुने उल्लेख छ।






## सम्पादकीय

# भूकम्पपीडितको स्वास्थ्यलाई ध्यान देऊ

विनाशकारी भूकम्प गएको आठ महिना बितिसक्दा पनि पीडितहरूलाई पुनःस्थापन गर्ने र राहत दिने काम हुन नसक्दा यो जाडोको मौसममा पीडितको थप बिचल्ली भएको छ। भूकम्प प्रभावित पहाडी जिल्लाहरूमा चिसोजन्य रोगबाट पीडित हुनेको संख्या बढ्दो छ। न्यानो र बाक्लो लगाउने लुगा तथा राति ओढ्नका लागि बाक्लो कपडा नहुनाले उनीहरूलाई रुघाखोकी, ज्वरो, निमोनियाजस्ता बिमारले समात्ने गरेको छ। पीडितमा नाबालक र अशक्त तथा वृद्धवृद्धा र दीर्घरोगी बढी छन्। प्रभावित क्षेत्रमा तत्काल यथेष्ट राहत सामग्री र औषधिसहितको चिकित्सक टोली नपठाएमा सिंगै शिविरमा गम्भीर स्वास्थ्य संकट निम्तिन सक्छ।

भूकम्प प्रभावित दुर्गम पहाडी जिल्लाहरूमा चिसोजन्य रोगका कारण पीडितलाई आवश्यक औषधिको पनि अभाव रहेको छ। दक्ष चिकित्सकको अभाव त पहिल्यैदेखि छँदै छ, कतिपय ठाउँमा चेतनाको कमीका कारण सामाजिक अन्धविश्वासको सहारा पनि लिने गरिएको पाइएको छ। औषधि र चिकित्सकको अभावका कारण गाउँघरमा परम्परागत मनोवैज्ञानिक उपचार पद्धति 'धामीझाँक्री'को प्रयोग गर्नाले बिरामी र चिसोपीडितको ज्यान थप जोखिममा पर्ने गरेको छ। यस वर्षको भूकम्पबाट अतिप्रभावित जिल्लाहरू नुवाकोट, काभ्रे, धादिङ, दोलखा र रसुवामा भूकम्पपीडित बालबालिका बढ्दै गएको चिसोका कारण बिरामी परिरहेका छन्। उनीहरूलाई ज्वरो र निमोनियाको जोखिम बढी देखिएको छ। यो अवस्था राजधानीदेखि टाढाका पहाडी, हिमाली र तराईका जिल्लामा पनि रहेको छ। भारतीय नाकाबन्दी र तराई–मधेस आन्दोलनका कारण एकातिर अत्यावश्यक सामग्री नेपाल भित्रन समस्या परिरहेको छ भने अर्कोतर्फ राहतका लागि आएका औषधि, लत्ताकपडा, कम्बलको सही वितरण नगरेर सरकारले अझैसम्म गोदाममा थन्क्याएर राखिरहेको छ। यस्तो बेलामा सरकारी स्रोत र संयन्त्रको प्रभावकारी परिचालन जरुरी हुन्छ। गोदाममा थुपारिएका लत्ताकपडा, औषधि र कम्बल चिसो प्रभावित क्षेत्रमा वितरणका लागि तत्काल व्यवस्था गर्नु आवश्यक छ।

आमजनतालाई अत्यावश्यकीय सेवा प्रदान गर्ने दायित्वबाट संक्रमणकाल वा अन्य कुनै पनि बहानामा राज्य चुक्नुहुँदैन। नागरिकका नैसर्गिक अधिकारका रूपमा रहेको बाँच्न पाउने, स्वास्थ्य उपचारलगायतका आधारभूत अधिकारबाट कसैलाई वञ्चित गरिनु पनि हुँदैन। सरकारले हिजोसम्म पुनर्निर्माण प्राधिकरण ऐन नबनेको र प्राधिकरण गठन भइनसकेको बहानामा राहतलगायतका कतिपय काम रोकिरहेको थियो। तर, आज त्यो अवस्था छैन। संक्रमणकालको हवाला दिँदै संविधानको कार्यान्वयन गराउनुपर्ने दायित्व बोकेको सरकारले संवैधानिक प्रावधानविपरीत जम्बो मन्त्रिमण्डल गठन गर्नु 'वाञ्छनीय' ठानिन्छ तर ऐन र प्राधिकरण निर्माण नभएको बहानामा भूकम्पपीडितको पुनःस्थापन र उनीहरूलाई राहत वितरण गर्न 'वाञ्छनीय' महसुस गर्दैन सरकार। पुनर्निर्माण प्राधिकरण ऐन र प्राधिकरण गठनको विवादमा निकै लामो समय बिताएका सरकार र प्रतिपक्षी दलहरूले अब ऐन र प्राधिकरणसमेत बनिसकेपछि मुलुकमा सरकार भएको अनुभूति दिलाउन पनि पुनर्निर्माण र राहतको कामलाई द्रूत गतिमा अगाडि बढाउनु जरुरी छ।

# अपराध नियन्त्रणमा जनचेतना



■ श्रीप्रसाद प्रसाईं

राज्यलाई व्यवस्थित रूपले सञ्चालन गराउन ऐन कानुन अपरिहार्य मानिन्छ। समयसापेक्ष निर्माण गरिँदै प्रयोगमा ल्याइने ऐन कानुनको पालना गर्नु नागरिकको परम् कर्तव्य हो। मलुकको शान्ति सुरक्षाको अवस्था प्रचलित ऐन कानुनको पालनामा आधारित हुने भएकाले राज्यका ऐन कानुनको जानकारी सबैमा हुन जरुरी छ। कानुनको पालना नगर्दा वा अज्ञानतावश मनगढन्ते कार्य गर्दा हामीबाटै हुने कतिपय कार्य अपराधमा परिणत हुन सक्छन्। त्यसैले अपराध नियन्त्रण गर्नका लागि अपराधको प्रकृतिअनुसार कानुनले तोकेको दण्ड सजायको बारेमा नागरिक समाज नै जानकार हुनुपर्छ। सामान्य शब्दमा भन्नुपर्दा, कानुनले गर्नु भनेको कार्य नगर्नु तथा नगर्नु भनेको कार्य गर्नु र त्यस्तो कार्य गरेबापत प्रचलित कानुनले दण्ड सजाय तोकेको कार्यलाई अपराध भनिन्छ। साथै, अपराध प्रमाणित हुनका लागि आपराधिक मनसाय, आपराधिक कार्य, भौतिक एवं शारीरिक क्षति, घटनास्थल तथा कानुनअनुसार दण्डनीय कार्य हुनुपर्दछ। आपराधिक मनोवृत्तिका व्यक्तिबाहेक समाजका सम्पूर्ण नागरिकको अपराधप्रति नकारात्मक दृष्टिकोण हुन्छ। तथापि, अपराधजन्य कार्य र दण्ड सजायको कानुनी व्यवस्थाका बारेमा अझै पनि समाजको ठुलो समूहले चासो दिएको देखिँदैन। वास्तवमा यो हामी सबैको कमजोरी हो। राज्यमा प्रचलित हरेक ऐन कानुनका बारेमा सबै नागरिक जानकार हुनै पर्दछ। मुलुकमा प्रचलित ऐन कानुन जनताकै प्रयोगका लागि बनाइएका हुन्। आफैंले प्रयोग गर्नुपर्ने तथा कानुनले निर्दिष्ट गरेको बाटोमा हिँड्नुपर्ने भएकाले कानुनकै अनभिज्ञताले हाम्रो व्यावहारिक जीवनलाई समस्यामा पार्न सक्छ। 'ऐन कानुन त न्यायाधीश, वकिल, प्रहरीका लागि मात्र हो, हामी सर्वसाधारण नागरिकलाई यसको आवश्यकता छैन' भन्ने व्यक्तिहरूको संख्या समाजमा ठुलो छ। यस मानसिकतालाई हामीले अहिलेसम्म पूर्ण रूपमा परिवर्तन गर्न सकेका छैनौं।

मानिसको पेसागत कार्यप्रकृति अलगअलग भए पनि कतिपय साझा सरोकारका विषयवस्तु सबैका लागि उत्तिकै महत्त्वपूर्ण मानिन्छन्। शिक्षा, स्वास्थ्य, रोजगारीलगायत अन्य यस्तै आधारभूत आवश्यकताजत्तिकै कानुनी चेतना पनि सबैका लागि अपरिहार्य ठानिन्छ। सबै नागरिकमा कानुनी चेतना भए केही हदसम्म समाजको शान्ति सुरक्षाको अवस्था सुदृढ बन्न पुग्छ साथै अपराध नियन्त्रणमा पनि सघाउ पुग्छ। सामान्य काम-कर्तव्य सम्पादन गर्ने क्रममा हुने अपराधदेखि अत्यन्त क्रूरतापूर्वक हुने अपराधसम्म र व्यक्तिदेखि सिंगो समाजसम्मलाई नै प्रभावित पार्ने अपराधलगायत अन्य कसैलाई असर नपारे पनि स्वयं कर्तालाई नै हानि-नोक्सानी पुर्‍याउने सामान्यदेखि गम्भीर प्रकृतिका अपराधमा दण्ड सजायको व्यवस्था पनि अलगअलग गरिएको हुन्छ। चाहे ठुलो होस् वा सानो, दण्ड सजायको हिसाबले गम्भीर प्रकृतिको होस् वा सामान्य अपराध आखिर अपराधै हो। धेरै वा थोरै जस्तो भए पनि दण्ड सजाय आखिर दण्ड सजाय नै हो भन्ने भावना जनमानससम्म उत्पन्न गराउने माध्यम वा आधार नै कानुनी चेतना भएकाले कानुनको बारेमा जानकार व्यक्ति भोग्नुपर्ने दण्ड सजायको परिणामबाटै हम्मेसी अपराध गर्न अग्रसर हुँदैन। समाजका सम्पूर्ण नागरिकमा यही मानसिकता विकसित हुने हो भने निश्चित रूपमा अपराधमा कमी आउँछ, अपराध नियन्त्रण भएको अनुभूति गर्न सकिन्छ।

दण्ड सजायको दृष्टिकोणले प्रचलित नेपाल कानुनले लागूऔषधको कारोबारलाई सबैभन्दा ठुलो अपराध मानेको छ। लागूऔषधको कारोबार गर्ने व्यक्ति साथमा ब्राउन सुगरसहित पक्राउ परेको खण्डमा उसको साथमा रहेको घटीमा सय ग्राम परिमाणदेखि माथि जतिसुकै परिमाण भए पनि सो लागूऔषध उसले कारोबारकै सिलसिलामा ओसारपसार गरेको भन्ने कुरा प्रमाणित भए निजलाई ५ लाखदेखि २५ लाख रुपैयाँसम्म जरिवाना र १५ वर्षदेखि जन्म कैदसम्मको सजाय हुन सक्छ। यो सजाय धारिलो हतियार प्रयोग गरी अत्यन्त क्रूरतापूर्वक गरिएको हत्यापछिको ठुलो सजाय हो। क्रूरतापूर्वक गरिएको हत्यामा सर्वस्वसहित जन्मकैद हुने व्यवस्था छ। यी दुवै दण्ड सजायको बारेमा जानकार व्यक्ति निश्चय नै त्यस्तो प्रकारको अपराध गर्न अग्रसर हुँदैन। उसले आपराधिक मनसायले उठाएको हतियार पनि दण्ड सजायको सन्त्रासले रोक्न सक्छ, जसले गर्दा उसमा उत्पन्न भएको आपराधिक मानसिकता कार्यमा परिणत हुन पाउँदैन। यसलाई कानुनी चेतनाको सकारात्मक प्रभावको रूपमा लिन सकिन्छ। आपराधिक कार्य गर्न अग्रसर रहेको व्यक्ति दण्ड सजायको कानुनी व्यवस्थाबाटै हच्कियोस् भन्ने मनसाय पनि कानुनको रहेको हुन्छ। यसैले कानुनलाई सजायको रूपमा मात्र होइन, सुधार एवं नियन्त्रणको रूपमा ठान्ने मानसिकता विस्तार गर्न राज्यको तर्फबाट पहल हुन जरुरी छ।

'चरित्र एउटा सेतो कागज जस्तो हो, जसमा दाग लागेपछि मेट्न गाह्रो हुन्छ' यो लोकप्रिय जर्मनेली उखान हो। हरेक काम कार्य गर्दा अधिकांश जर्मनेलीले यस उखानलाई स्मरण गर्दछन्। व्यक्तिको चरित्रसँग जोडिएको यो उखानको आसय अत्यन्त महत्त्वपूर्ण र अनुसरणीय छ। जर्मनेलीहरूका लागि मात्र होइन, सम्पूर्ण मानव जगत्कै लागि यो उखानले आदर्श शिक्षा प्रदान गरेको छ। नेपाल र नेपालीको सन्दर्भमा यस उखानलाई केवल उखानमा सीमित नराखी व्यवहारमा लागू गरिनु आवश्यक देखिन्छ। किनकि, हाम्रो स्वेच्छाचारी कार्यशैलीले नैतिक चरित्रलाई भन्दा स्वार्थलाई सर्वोपरि महत्त्व प्रदान गर्न थालेको छ। स्वार्थ र लाभको सामु नैतिकता गौण ठानिने प्रवृत्ति बढेर गएकाले नै समाज अहिले अस्तव्यवस्त बन्दै छ। चारित्रिक आदर्शता बिर्सिएपछि मानिसका क्रियाकलापहरू क्रमशः अनियन्त्रित हुँदै जान्छन्। यसै सिलसिलामा आपराधिक कार्य हुन पुग्छ। गुमेको धनसम्पत्ति पुनः प्राप्त गर्न सकिन्छ, प्राप्त हुन नसके पौरख र मेहनतले पुनः आर्जन गर्न सकिन्छ तर व्यक्तिमा परेको कलंकको छाप उसले हरप्रयास गरे पनि जीवनभर मेट्न सक्दैन। ऊ मात्र होइन, उसका सन्तानलाई परिचित गराउने माध्यम नै कतिपय अवस्थामा यही कलंक हुन पुग्छ। माथि उल्लेखित जर्मनेली उखानले यही कुरालाई प्रतिबिम्बित गरेको छ, जसको अनुसरण हाम्रो समाजको परिप्रेक्ष्यमा अत्यावश्यक ठानिन्छ।

कानुन निर्माण गर्नु नै ठुलो कुरो होइन, यसको कार्यान्वयन पक्ष महत्त्वपूर्ण हो। कार्यान्वयन हुन नसक्ने कानुनबाट उपलब्धि प्राप्त नहुने भएकाले त्यस्ता कानुन प्रभावहीन हुन पुग्छन्। जनस्तरबाट सबै कानुनको स्वतःस्फूर्त पालना हुन नसक्ने भएकाले राज्यको तर्फबाट कानुन कार्यान्वयनका लागि आवश्यक संयन्त्रको व्यवस्था मिलाइएको हुन्छ। यसले सबैलाई कानुनको पालना गर्न बाध्य बनाउँछ, तथापि समाजकै कतिपय सदस्य कानुन उल्लंघन गर्न अग्रसर हुने गर्दछन्। अपराध पनि गैरकानुनी कार्य भएकाले यसलाई समाजविरुद्धको मानिएको हो। तत्कालको सामाजिक वातावरण एवं परिवेशलाई आधार मानी निर्माण हुने ऐन कानुन आजको भोलि नै प्रभावहीन ठानिन सक्छन्। यसलाई समाजमा उत्पन्न हुँदै आएको परिवर्तनकै प्रतीकको रूपमा लिनुपर्ने हुन्छ। यसैले कानुन स्थायी र सर्वव्यापक हुनै सक्दैन। निरन्तर यसलाई समसामयिक पार्दै लगिन्छ। हिजै निर्माण भएको कानुन आजै परिवर्तन गरिनुपर्छ भन्ने आवाज आउनु नकारात्मक होइन। हालै निर्माण भएको नेपालको संविधान, २०७२ लाई यसैको दृष्टान्तको रूपमा लिन सकिन्छ।

संविधानका केही प्रवाधानका बारेमा आफ्नो विमति रहेको जनाउँदै त्यसलाई संशोधन गरी सम्बोधन गर्ने मागसहित विगत चार महिनादेखि मधेसकेन्द्रित दलहरू विरोधमा उत्रिएका छन्। संविधानको बारेमा विमति राख्ने केही उच्चस्तरीय मधेसकेन्द्रित नेताले त्यसलाई विभिन्न कोणबाट अध्ययन विश्लेषण गरेका हुन सक्लान् तर अधिकांश मधेसकेन्द्रित दलका नेताहरूले नै यसलाई नजिकबाट अध्ययन गरेका नहोलान् भने आममधेसका जनता असमझदारीका बुँदाहरूका सन्दर्भमा जानकार छैनन्। न त राज्य पक्षबाटै यसबारेमा आवश्यक पहल भएको छ, न त आन्दोलनरत दलहरूकै तर्फबाट। नितान्त आफ्नो रोजीरोटी र व्यवसायलाई नै सर्वोपरि ठान्ने जनताहरूको संविधान उपरको चासो भन्नु नै संविधान निर्माणपछि मुलुकमा लामो समयदेखि कायम रहँदै आएको अन्योल हटी मुलुकले निकास पाउँछ भन्ने थियो। तर, ऐन कानुनप्रति मतलब नराख्ने अधिकांश जनताको आकांक्षालाई नयाँ संविधानले पूरा गर्नुभन्दा झन् समस्यामा पारिदिएको अनुभूति भइरहेको छ। यदि, सबै नागरिकमा कानुनी चेतना विकसित भएको भए हरेक व्यक्तिले संविधानको अध्ययन विश्लेषण गर्ने स्वेच्छिक जागरुकता देखाउने थिए, जसका कारण कसको कुरा ठिक कसको बेठिक भनी जनता आफैंले मूल्यांकन गर्न सक्थे। जनता आफैंमा निर्णायक क्षमताको विकास भएपछि नेताको लहलहैमा पछि लाग्ने प्रवृत्ति अन्त्य हुने भएकाले कानुनी अनभिज्ञताको फाइदा नेताले लिन सक्ने थिएनन्। यस्तो अवस्थामा सामाजिक अशान्ति र आपराधिक घटनामा स्वतः कमी आउँछ। राजनीतिक असन्तुष्टिको नाममा मधेसमा अहिले दैनिकजसो नै हत्या-हिंसाका घटना भइरहेका छन्। बन्द, घेराउ, तोडफोड, आक्रमण र प्रत्याक्रमणको क्रममा ठुलो धनजनको हानि-नोक्सानी भइरहेको छ। विरोधकै क्रममा भएका यस्ता हिंसात्मक घटना प्रचलित कानुनअनुसार अपराधजन्य भए पनि न सरकारले नै यसउपर दृढताका साथ कारबाही अगाडि बढाउने साहस नै गरेको छ न त मधेसवादी दलले नै आफ्ना कार्यकर्ता र खेतालालाई नियन्त्रणमा लिएका छन्। जनता भने दुवैतर्फको चपेटामा परिरहेका छन्। जनताको पिरमर्का र गुनासो सुनिदिने कोही छैन। राज्यमा यस्तो अवस्था सिर्जना हुनुको प्रमुख कारण नै कानुनी चेतनाको अभाव हो।

**जनभावनाको कदर गर्नकै लागि पनि नेताले आफ्नो नीतिमा समसामयिक सुधार गर्न तथा आफ्नो कार्यशैली सुधार गर्न बाध्य हुनुपर्छ । राजनीतिक सिद्धान्त जनभावनाअनुकूल फेरबदल हुँदै जाने भएकाले सधैं स्थिर हुन सक्दैन । जनभावना वास्ता नगरी यथास्थितिवादी चिन्तनकै पछि लाग्ने नेता युगानुकूलको नेता हुन सक्दैन भने अहिलेका जनतामा पनि सामान्य राजनीतिक ज्ञान र सोबारेमा छानबिन गरी निर्णय दिन सक्ने आधारभूत खुबी हुनुपर्छ ।**

वास्तवमा समय परिस्थितिअनुसार जनताले कस्तो राज्य सञ्चालन नीति वा राजनीतिको अपेक्षा राखेका छन् भन्ने कुरो नेताले बुझ्न सक्नुपर्छ। जनभावना अनुकूलको राजनीति गर्न सक्ने व्यक्ति नै समाजमा लोकप्रिय बन्न पुग्छ। जनभावनाको कदर गर्नकै लागि पनि नेताले आफ्नो नीतिमा समसामयिक सुधार गर्न तथा आफ्नो कार्यशैली सुधार गर्न बाध्य हुनुपर्छ। राजनीतिक सिद्धान्त जनभावनाअनुकूल फेरबदल हुँदै जाने भएकाले सधैं स्थिर हुन सक्दैन। जनभावना वास्ता नगरी यथास्थितिवादी चिन्तनकै पछि लाग्ने नेता युगानुकूलको नेता हुन सक्दैन भने अहिलेका जनतामा पनि सामान्य राजनीतिक ज्ञान र सोबारेमा छानबिन गरी निर्णय दिन सक्ने आधारभूत खुबी हुनुपर्छ। तर, अझै पनि नेपाली जनतामा हुनुपर्ने हदसम्मको राजनीतिक चेतना विस्तार हुन सकेको छैन, यसैको फाइदा अहिले नेताहरूले लिइरहेका छन्। मुलुकमा भए गरेका हरेक राजनीतिक गतिविधिबारे आमनागरिकले स्वतःस्फूर्त रूपमा चासो राख्दै जाने हो भने नेताले गरेका हरेक कार्यको सन्दर्भमा जनताले नै औंला ठड्याउने भएकाले नेताले सोहीबमोजिम हिँड्न बाध्य हुनुपर्दछ। जनताको नजर छल्न नसक्ने अवस्था सिर्जना हुने भएपछि नेताको कार्य पनि स्वतः पारदर्शी बन्न पुग्छ। जनता आफैं राजनीतिक अपराधका विरुद्ध एकत्रित हुन पुग्छन्। राजनीतिक अपराध नियन्त्रण भए, राजनीतिक छहारीभित्रका सबै आपराधिक घटना पनि क्रमशः नियन्त्रण हुँदै जान्छन्।

समाजमा अपराध बढ्ने विविध कारण हुन्छन्। तथापि, यस्ता कारणमध्ये समयसापेक्ष जनचेतनाको स्तरमा सुधार आउन नसक्नु मुख्य कारण हो। जनचेतना कुन हदसम्म हुनुपर्छ भनी मापन गर्न असम्भव भए पनि सामान्यतयाः कसैले भनेको कुरो कुन हदसम्म ठिक वा कुन हदसम्म बेठिक हो ? ठिक भए सोहीमुताबिक चल्दा आफ्नो वा समाजका लागि के-कस्तो हित र कल्याण हुन सक्छ ? साथै, सो कार्य प्रचलित कानुनसम्मत ठहरिन्छ/ठहरिँदैन ? भनी छुट्ट्याउन सक्ने तथा कसैले भनेको कार्य यो कारणले गैरकानुनी मानिन्छ भनी छुट्ट्याउन सक्ने आधारभूत चेतनाको स्तर भने सबै नागरिकमा हुनु आवश्यक छ। यो हदसम्मको जनचेतना विकसित हुने हो भने अहिले भइरहेको अपराधको संख्यामा स्वतः आधाले कमी आउन सक्छ।

# भाषामा त्यस्तो के छ ?



■ महेश बराल

'तपाईंको अंग्रेजी कमजोर रै'छ!' पहिलो पटक जागिरका लागि अन्तर्वार्ता दिँदै गर्दा यो प्रश्नले मेरो दिमाग रन्थनाएको थियो, 'तपाईंले कहिल्यै आफ्नो अंग्रेजी सुधार्नेबारे सोच्नुभएन ?'

'कमजोर छ, थाहा छ,' मेरो जवाफ प्रस्ट थियो। म आधाउधी मात्रै जान्दथें। 'बट आई विल ट्राइ माई बेस्ट,' मैले भनें।

कसैको अगाडि अंग्रेजी बोल्नुपर्दा किन हो मेरो जिब्रो लट्पटिन्छ। ओठ-मुख सुक्छ। गाला, कान अनि निधार तातेर आउँछ। अथवा किन हो मनमा एक प्रकारको डर उब्जिन्छ। अथवा किन हो शरीरभर चिटचिट पसिना छुट्छ। त्यहाँ त्यति कुरा बोल्नुपर्दा मैले मेरो नेपाली भाषालाई पनि भुल्दै गइरहेको थिएँ। मलाई त्यतिबेला सामान्य खालका नेपाली शब्दहरू पनि उप्काउन गाह्रो परेको थियो। विनाशिष्टाचार नै म त्यहाँबाट बाहिरिएको थिएँ। त्यो दिन मलाई जागिरका लागि 'अनक्वालिफाइड' ठहराइयो। कारण एउटै थियो, अंग्रेजी भाषाको अल्पज्ञान। अझ साफ भन्नुपर्दा अज्ञान।

आज सोच्छु, भाषामा त्यस्तो के छ ? अझ अंग्रेजी भाषामै त्यस्तो के छ ? भाषा संवादका लागि आवश्यक छ। सूचनाका लागि आवश्यक छ। सञ्चारका लागि आवश्यक छ। ज्ञानका लागि आवश्यक छ। तर, त्यो ठाउँ, समय र परिस्थितिअनुसार हुनुपर्छ। प्रयोगका हिसाबले हुनुपर्छ। कारणगत हुनुपर्छ। विनाकारण त्यसै अंग्रेजीको मात्रै पैरवी गर्ने हाम्रो संस्कार कसरी विकास भयो ? भाषाले भाषाकै रूपमा मात्र महत्त्व पाउनुपर्ने ठाउँमा हामी किन त्यही भाषालाई जिन्दगीको हिस्साकै रूपमा सोच्न थाल्यौं। अझ विश्व बुझ्नका लागि अंग्रेजीजतिको समयसापेक्ष र प्रभावकारी भाषा सायदै अर्को छ। विश्वका अधिकांश मानिसले जानेको र धेरै मान्छेले बोल्न सजिलो मान्ने भाषा मेरा लागिचाहिँ विशाल पहाड जसरी उभिएको थियो। आफ्नो समयका साथीहरूले प्रस्ट जिब्रो फट्कार्न सक्ने भाषा मेरो जिब्रोमा चाहिँ किन लर्बरियो ? जमाना कायापलट भइसकेको यो समयमा म समयअनुसार चल्न सकेको रहेनछु। सम्झँदा पनि दिक्दारी बढेर आउँछ।

विश्वमा मजस्ता अंग्रेजी नजान्ने मानिस कति होलान् ? अंग्रेजीका बिरामी कति होलान् ? अझ नेपालमा कति होलान् ? अझ मेरै जस्तो भाषाकै कारण दुःख पाएकाहरू कति होलान् ? मलाई लाग्छ, नेपालमा मजस्ता धेरै युवा छन्, जो मेरोजस्तै ग्रामीण सरकारी शिक्षा पूरा गरेर आएका छन्। मेरोजस्तै नेपाली माध्यम भएका, जम्मा पाठ्यक्रममा एउटा मात्र अंग्रेजी विषय पढेका, मैलेजस्तै अंग्रेजीको प्रयोग गर्न नपाएका, मजस्तै अंग्रेजीका भोका, अनि मजस्तै आधा अंग्रेजी बोल्न सक्ने। उनीहरूको पनि मेरैजस्तो जिब्रो लट्पटिन्छ, पसिना छुट्छ, शरीर काँप्छ। तर, मलाई यति कुरा थाहा पाउन धेरै समय लागेको थियो।

मैले अंग्रेजी बुझ्न र सिक्न धेरै नै पापड बेलें। अंग्रेजी व्याकरण रट्न खोजें, अंग्रेजी पत्रिका पढें सकिनसकी, शब्दकोश घोकें, चेतन भगतका किताबहरू खुब पढें, दोहोर्‍याई-दोहोर्‍याई। अंग्रेजी सिनेमा हेरें, अंग्रेजीमै सोच्न खोजें। बाराक ओबामाका भाषणदेखि लिएर टम ह्यांकले बोलेका शब्द-शब्द बुझ्नलाई बल गरें। जेनिफर लोपेज, इमिनेम, साकिरा, टेलर स्विफ्टलगायतका गाना पनि कण्ठ गर्न खोजें। तर, सब प्रयत्न बेकार भए। अन्त्यमा उही हामीले पढ्ने गरेको टालटुले अंग्रेजी मात्रै मगजमा बस्यो, अरू प्रगति केही भएन। ती पाठ्यक्रमका अंग्रेजी, पत्रिकाका अंग्रेजी, उपन्यासका अंग्रेजी, चलचित्रका अंग्रेजी अथवा यस्तै-यस्तै खाले अंग्रेजी, जो तत्काललाई त्यो कुरा जान्नका लागि पर्याप्त मात्रै थिए। अर्थात्, किताबको सारांश बुझ्न मात्रै, गीतको भाव बुझ्न मात्रै, सिनेमाको कथा बुझ्न मात्रै अथवा भन्न खोजेको कुरा बुझ्न मात्रै काम लागे, दीर्घ प्रभाव भने छाडेनन्। फेरि पनि अंग्रेजी सिकाइले नयाँ अध्याय पाउन सकेन।

**हामी हाम्रो भाषालाई कति माया गर्छौं त ? नेपाली गीत कति सुन्छौं, नेपाली साहित्य कति पढ्छौं, नेपाली बोल्न कति खोज्छौं ? हामीलाई हाम्रो नेपालीपनमा कत्तिको गर्व छ त ? भाषाको माया नगरेसम्म हामीले हाम्रो संस्कार-संस्कृति, मूल्य-मान्यताको संरक्षण गर्न सक्दैनौं । जुन चिज पहिचानसँग जोडिएर आउँछ, त्यही चिजलाई उपेक्षा गरेपछि हामीले के कुरामा गर्व गर्ने त ?**

भाषाले व्यक्तिको दैनिकीमा प्रभाव पारिरहेको हुन्छ। हामीले बोल्ने बोली, हाम्रो काम, संगीत, साहित्य, सिनेमालगायत हर कुरामा भाषाको उपस्थितिले मुख्य भूमिका निभाएको हुन्छ। समाज, व्यक्ति, राष्ट्र अनि विश्व बुझ्नलाई अलग-अलग अवस्थामा फरक भाषाको ज्ञान लिनु पनि आवश्यक छ। जस्तो कि, नेपालभन्दा बाहिर, विश्वका कुनै कुनाको जानकारीका लागि हामीलाई अत्यावश्यक पर्ने भाषा पनि अंग्रेजी नै हो। अंग्रेजी ती कुरामा काम लाग्छ। संगीत, साहित्य, सिनेमा यी तिन कुरालाई मात्रै लिने हो भने पनि अंग्रेजीको महत्त्वलाई अझ बुझ्न सजिलो हुन्छ। पश्चिमा देशका संस्कार र संस्कृति बुझ्न, जान्न त्यो काफी छ, भारत बुझ्नलाई हिन्दी काफी भएजस्तै। विश्व बुझ्नलाई अंग्रेजीको ज्ञान जरुरी छ।

अबको पुस्ताका लागि त झन् विश्वमाझ पुग्नलाई अनेक भाषाको आवश्यकता पर्ने देखिन्छ। अंग्रेजी, कोरियाली, जापानी, जर्मनेली, पोर्चुगाली, रसियाली, चिनियाँ, हिब्रूलगायतका भाषामा पनि परिस्थितिअनुसार दक्खल बढाउँदै लानुपर्ने हुन्छ। ती आवश्यकीय हुँदै जाँदै छन्। हरेक देशले आफ्नो भाषालाई महत्त्वका साथ राख्न थालेका छन्। जस्तो कि, कोरिया जानका लागि कोरियाली भाषा अनिवार्य जानेकै हुनुपर्छ, जापान जानका लागि जापानी, इजरायलका लागि हिब्रू आदि। हामीलाई त्यहाँको राष्ट्रिय भाषाका बारेमा पढाइन्छ। हामी बुझ्ने कोसिस गर्छौं। पढ्छौं, घोक्छौं, पारंगत हुन्छौं। तर, त्यसैलाई आफ्नो बनाउनतिर लाग्दैनौं। आवश्यकताका लागि मात्रै सिक्छौं। काम पर्दा प्रयोग गर्छौं, नत्र गर्दैनौं। हामी अंग्रेजीलाई पनि किन त्यस्तै व्यवहार गर्न सक्दैनौं ? अंग्रेजी हाम्रो भित्रिया भएर पसेको छ।

हामी हाम्रो भाषालाई कति माया गर्छौं त ? नेपाली गीत कति सुन्छौं, नेपाली साहित्य कति पढ्छौं, नेपाली बोल्न कति खोज्छौं ? हामीलाई हाम्रो नेपालीपनमा कत्तिको गर्व छ त ? भाषाको माया नगरेसम्म हामीले हाम्रो संस्कार-संस्कृति, मूल्य-मान्यताको संरक्षण गर्न सक्दैनौं। जुन चिज पहिचानसँग जोडिएर आउँछ, त्यही चिजलाई उपेक्षा गरेपछि हामीले के कुरामा गर्व गर्ने त ? दोस्रो भाषालाई गर्वका साथ ग्रहण गर्ने हाम्रो शैली विकास भइसकेको छ। अंग्रेजी बोल्न जान्नुलाई नै उच्च बौद्धिकता मान्न सुरु भइसकेको छ। सोचाइ नै अर्काको लिएपछि हामी कसरी उँभो लाग्ने र ? यो पक्कै पनि कठिन अवस्था हो। विश्वको विगत हेर्ने हो भने धेरै भाषा यस्तै केही कारणले पूर्णतः लोप पनि भइसकेका छन्। यसले आगामी दिनमा हाम्रो भाषामा पनि समस्या खडा नगर्ला भन्न सकिन्न।

मैले जागिर नपाउनु, अंग्रेजी नजान्नु अथवा कमजोर हुनु अथवा भाषाको कमजोरीलाई नै मेरो कमजोरी मान्नुजस्ता कारणले मेरो दिमाग हल्लाइरहेका छन्। अझै पनि केही कुरा चित्तै नबुझेजस्तो भइरहेको छ। भाषा नै किन व्यक्तिको क्षमताको अन्तिम मापक बन्न पुग्यो भन्ने कारण पत्ता लगाउन सकेको छैन मैले। यो एउटा नितान्त व्यक्तिगत गनगन हो। तर पनि समग्रमा हेर्ने हो भने यही प्रकृतिका परिस्थिति धेरै ठाउँमा पक्कै पनि आएका होलान्। भाषालाई भाषाकै रूपमा नहेरेर किन धेरै मूल्यांकन गरिँदै छ ? आवश्यकताभन्दा बढेर अपरिहार्यताका रूपमा किन लिइँदै छ, भाषालाई ? म जवाफ खोज्दै छु। भाषा साधन हो कि साध्य हो ? भाषा कारण हो कि प्रमाण हो ? भाषा बाटो हो कि गन्तव्य हो ? यही प्रश्न अझै अनुत्तरित छ, ममा। भाषामा त्यस्तो के छ ?

# कांग्रेसमा क्रियाशील द्वन्द्व



■ पूर्णप्रसाद आचार्य

नेपालको जेठो पार्टी नेपाली कांग्रेसको गौरवपूर्ण इतिहासमा यही पार्टीको अग्रसरतामा देशमा विभिन्न समयमा ठुलाठुला राजनीतिक क्रान्तिहरू सम्पन्न भएका छन्। गाउँ, नगर, क्षेत्र, जिल्ला र केन्द्रदेखि देशबाहिरसम्म पनि समाजवाद र लोकतन्त्रको नारा गुन्जिरहेको छ। यो सामान्य ढंगले भएको होइन। हिजोका दिनदेखि पार्टीले गरेको प्रचार-प्रसार, विकास र विस्तारले आज नेपालमा सबैभन्दा ठुलो दलको रूपमा नेपाली कांग्रेसको उदय भएको हो। मानिसले इतिहासलाई तोड्न, मोड्न र जोड्न सक्छन्। तर, इतिहास कहिल्यै पनि पछाडि फर्कंदैन। इतिहासको खुट्टा हुन्छ, आँखा हुँदैन। इतिहासको बल मात्र हुन्छ, मुटु हुँदैन। इतिहास बिग्रिएपछि देश र समाजलाई समेत बिगार्छ। त्यसकारण नेपाली कांग्रेसको इतिहासलाई स्मरण गर्दा तोड्ने र मोड्ने काम कहीं कतैबाट हुनुहुँदैन।

भनिन्छ, प्रजातन्त्रभन्दा राम्रो व्यवस्था अरू कुनै छैन। प्रजातान्त्रिक पद्धतिमा हिँडेको पार्टीलाई अप्रजातान्त्रिक ढंगबाट चलाएर शासन, सत्ता र पद्धतिलाई बिगारेर पार्टी कब्जा गर्ने नियत कोही कसैले पनि राख्नुहुँदैन। प्रजातान्त्रिक पद्धतिबाट गाउँ, नगर, वडा, क्षेत्र, जिल्लाबाट सही तरिकाले नियमसंगत रूपले बनाइएका क्रियाशील सदस्यलाई किन महाधिवेशनमा भाग लिन नदिने ? पार्टीको विधानबमोजिम जे छ, त्यसलाई स्विकार्नु कांग्रेसीजनको कर्तव्य होइन र ? प्रजातान्त्रिक पार्टीलाई अप्रजातान्त्रिक तरिकाबाट मतदान गराउन र उम्मेदवार हुनबाट वञ्चित गर्ने यो कस्तो किसिमको प्रजातान्त्रिक शैली हो ? यो सबैले बुझ्नु आवश्यक छ। क्रियाशील सदस्यता जुन तरिकाबाट वितरण गरिन्थ्यो, सो तरिका नअपनाएर क्षेत्र, केन्द्रबाट जो जसले पनि लिएका छन्। त्यसको बारेमा त विचार गर्नु नै पर्ने हुन्छ। यसको मतलब नियमसंगत तवरले लिएका क्रियाशील सदस्यका बारेमा पार्टी विधानबमोजिम गर्नुपर्ने हुन्छ। किनभने क्रियाशील सदस्यता नियमपूर्वक लिएका सदस्यले भोलि नजिकिँदै गरेको महाधिवेशनमा भाग लिन नपाएपछि गाउँदेखि केन्द्रसम्म विरोध गरे भने के हुन्छ ? नेपालमा हिजोको इतिहास साक्षी छ। आफ्नै पार्टीका केन्द्रीय स्तरका नेतालाई समेत सामान्य कार्यकर्ताले अधिवेशन स्थलमै कुर्सी उठाएर मञ्चमा फाल्नेसम्मको हर्कत गरेका छन्। यो कुरा नेपाली कांग्रेस पार्टीमा नआओस् भन्ने बारेमा नेतृत्व तहबाट विचार पुर्‍याउनु आवश्यक छ। नेपालको राजनीतिमा अहिले जनमत तान्नका लागि रस्साकस्सी बढेको छ। आफ्नो हृदयदेखि समाजवाद र प्रजातन्त्र भनेर लागेको मध्यम वर्गीय युवाहरूलाई नेपाली कांग्रेसले उचित अवसर दिनु र सही मार्गदर्शन गर्नु आवश्यक छ। मध्यम वर्गीय जनशक्ति मात्र होइन, विभिन्न विश्लेषक, डाक्टर, इन्जिनियर, शिक्षकदेखि विद्यार्थीसम्मका नयाँ जोस र जाँगर भएका नवक्रियाशीलहरूलाई पार्टीले अझ प्रजातन्त्र र समाजवादबारे प्रशिक्षित गराएर पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नेपाली कांग्रेसका सिद्धान्त, विचारलाई अझ विस्तृत रूपमा प्रचार-प्रसार गर्नुका साथै सिद्धान्तको बाहक बनाउनु आजको आवश्यकता हो।

**भनिन्छ, प्रजातन्त्रभन्दा राम्रो व्यवस्था अरू कुनै छैन । प्रजातान्त्रिक पद्धतिमा हिंडेको पार्टीलाई अप्रजातान्त्रिक ढंगबाट चलाएर शासन, सत्ता र पद्धतिलाई बिगारेर पार्टी कब्जा गर्ने नियत कोही कसैले पनि राख्नुहुँदैन । प्रजातान्त्रिक पद्धतिबाट गाउँ, नगर, वडा, क्षेत्र, जिल्लाबाट सही तरिकाले नियमसंगत रूपले बनाइएका क्रियाशील सदस्यलाई किन महाधिवेशनमा भाग लिन नदिने ?**

हुन त बेइमानहरूको इतिहास लेखिन्छ भनिन्छ। बेइमान गर्नेलाई कहीं कतैबाट सकिन्न भन्ने गरिन्छ तर संस्थाको मान, सम्मान र इज्जतलाई व्यक्तिविशेषले फाल्नुहुँदैन। हिजोको नेपाली कांग्रेसको पृष्ठभूमिलाई अझ गहन रूपमा लिएर जनता माझ लोकप्रिय बनाउन आवश्यक छ। गाउँ स्तरदेखि केन्द्रीय स्तरसम्मका कांग्रेसीहरूले यो क्रियाशील द्वन्द्वलाई नजिकबाट हेरिरहेका छन्। नेपाली कांग्रेसका केन्द्रीय सदस्य नरहरि आचार्यको नेतृत्वमा क्रियाशील सदस्य छानबिन समिति बनेको छ। सम्भवतः त्यो समितिले नवक्रियाशील सदस्यलाई आफ्नो अधिकारबाट वञ्चित नगराउला र नियमसंगत तवरले पाएको क्रियाशील सदस्यता र छोटो बाटोबाट आएका क्रियाशील सदस्यताको पहिचान गरी विधानबमोजिम छानविन समितिले सही सुझाव र प्रतिवेदन देलाजस्तो लाग्छ। नेपाली कांग्रेसको निकट भविष्यमा हुन गइरहेको महाधिवेशन सम्पन्न गर्नका लागि विभिन्न किसिमका चुनौती त छँदै छन्। तराईमा केही राजनीतिक जमिनदारले गरिरहेको बन्द, भारतले गरेको अघोषित नाकाबन्दी, गत वैशाखको विनाशकारी भूकम्प आदिका कारण देश तहसनहस छ। यस्तो बेलामा कांग्रेसजस्तो पुरानो र अभिभावक पार्टी आफ्नो नयाँ नेतृत्वको चयनका लागि महाधिवेशनको प्रक्रियामा व्यस्त छ। यहीबिच कांग्रेस क्रियाशील सदस्यताको आन्तरिक द्वन्द्वमा समेत फसेको छ। यो द्वन्द्व गर्ने समय होइन। यस खालको द्वन्द्व पार्टीलाई आवश्यक पनि छैन। क्रियाशील सदस्यतामा आफ्नो र पराइ भन्ने हुँदैन, जो भए पनि कांग्रेस नै हो। एक पक्षले कम र अर्को पक्षले बढी बनायो भन्ने नै हुँदैन। पार्टी कमजोर बनाउने बाटोमा कोही जानुहुँदैन। नेपाली कांग्रेसका गतिविधिलाई देशभित्रबाट मात्र होइन, देशबाहिरबाट पनि प्रत्येकले हेरिरहेका छन्। त्यसकारण पार्टीको आन्तरिक संरचना र व्यवहारमा प्रजातान्त्रिक पद्धतिको विकासमा नेपाली कांग्रेस चुक्नुहुँदैन।

कांग्रेसले देशमा के गरिरहेको छ भन्ने कुरा अन्तर्राष्ट्रिय स्तरमा पनि सरोकारको विषय बन्न जान्छ। दुई/चारजना कोठामा बसेर आफ्नो पक्षमा फाइदा हुने निर्णय गर्नु आजको आवश्यकता होइन। विगतका दिनमा पनि हामीले गल्ती गरेका कुराहरूका बारेमा एकचोटि सोचर नयाँ ढंगले पार्टीलाई अगाडि बढाउन सोच विचार गर्नुपर्ने हुन्छ। अनि मात्रै अन्तिम निर्णय बाहिर ल्याउँदा राम्रो सन्देश जान्छ। पार्टीका तमाम शुभेच्छुक संघ/संस्था, बुद्धिजीवी र घोषित अघोषित सल्लाहकार हुन्छन्। कहिलेकाहीं केन्द्रीय कार्यसमितिबाट पनि सही राय-सल्लाह आउन नसकेका सवालमा उनीहरूसँग पनि छलफल र सरसल्लाह गरेर अगाडि बढ्दा झनै उपयुक्त देखिन्छ। निर्णय बाहिर आएपछि सच्याउनु र बोली फेर्नुभन्दा प्रजातान्त्रिक पार्टीले सोच विचार र विश्लेषण गरी काम गर्नुपर्छ। देशभित्र रहेका विभिन्न पार्टीका उच्च तहका नेताहरूको लहलहैमा लाग्नुभन्दा पनि पार्टीभित्रका बुद्धिजीवी र निकट नेताहरूसँग छलफल र परामर्श गरी देशमा दिगो विकासका लागि आर्थिक र सामाजिक रूपान्तरण गर्नका लागि राजनीतिलाई स्थिर बनाउँदै पार्टी दह्रो बनाउन नेपाली कांग्रेसले तन, मन र वचनका साथ लाग्नुपर्ने देखिन्छ। विधानविपरीत क्रियाशील सदस्यता वितरण गरिएकालाई सोझै रद्द गर्न सकिन्छ। क्रियाशील सदस्यता छानबिन समितिका संयोजकले पनि देउवा, कोइराला र पौडेल पक्ष नभनेर विधानसंगत तरिकाबाट जानुपर्छ। समग्र पार्टीको कुरा गर्दा पार्टीलाई जसले बलियो बनाएको हुन्छ, ऊ नै पार्टीमा बलियो हुन्छ। तमाम कांग्रेसीजनलाई क्रियाशील सदस्यता भएकाको नाम काढ्ने होइन, महाधिवेशनमा भाग लिनका लागि सात दिनको सूचना प्रकाशन गरी छुटपुट भएकालाई समेत आह्वान गर्न सक्ने हाम्रो हिम्मत र तागत हुनुपर्छ। प्रजातान्त्रिक पार्टीका लागि सही कुरा यही नै हो। अबका दिनमा क्रियाशीलका द्वन्द्वमा जानुभन्दा पनि पार्टीलाई बलियो बनाउन सबै लागौं, आजको समयको माग र आवश्यकता यही नै हो।

# अफगानिस्तानमा शक्तिशाली भूकम्प

## ३७ घाइते, इस्लामावाद र नयाँ दिल्लीमा पनि धक्का

**एजेन्सी**
काबुल, ११ पुस

अफगानिस्तानको उत्तरपूर्वी क्षेत्रमा शुक्रबार राति शक्तिशाली भूकम्पको धक्का महसुस गरिएको समाचार छ। सो भूकम्पबाट करिब ३७ जना घाइते भएका छन्। क्षतिको पूर्ण विवरण भने नआइसकेको अधिकारीहरूले जनाएका छन्।

भूकम्प ६.३ रिक्टर स्केलको रहेको बताइएको छ। पाकिस्तान र ताजिकिस्तानको सीमा क्षेत्रमा पर्ने अफगानी क्षेत्र आसाकासाममा केन्द्रबिन्दु रहेको सो भूकम्पको गहिराइ २०३ किलोमिटर रहेको छ। पाकिस्तानी राज्य पेसावरको खैबर पाक्थुन्क्वामा यसको बढी क्षति पुगेको छ। घाइते हुनेमा सोही क्षेत्रका व्यक्ति रहेका छन्।

अधिकारीहरूले क्षतिको विवरण संकलन गरिरहेको जनाएका छन्। सो भूकम्पको धक्का पाकिस्तानको राजधानी इस्लामावाद र भारतीय राजधानी नयाँ दिल्लीमा पनि महसुस गरिएको बताइएको छ।

सो भूकम्पका कारण काराकोरम राजमार्गको दक्षिणी गल्गित बाल्टिस्ट क्षेत्रमा पहिरो गएको बताइएको छ।

पहिरोका कारण सो राज्यमार्गमा आवागमन प्रभावित भएको बताइएको छ। सो हिमालयन हिन्दकुश क्षेत्रमा यसअघि पनि पटक-पटक भूकम्पको धक्का महसुस गरिएको छ। गत अक्टोबरमा पनि सोही क्षेत्रमा आएको भूकम्पमा परी कम्तीमा पनि ३ सय ५० जनाको ज्यान गएको थियो।

सो भूकम्प ७.२ रिक्टर स्केलको रहेको बताइएको थियो। सो हिन्दकुश क्षेत्रमा आएको भूकम्पले पाकिस्तानमा पनि क्षति पुऱ्याएको थियो।



यसैबीच अफगानिस्तानकै अर्को एक समाचारमा त्यहाँको सुरक्षाबलले तालिवान सशस्त्र विद्रोहीका विरुद्ध गरेको कारबाहीका क्रममा १३ जना तालिवानको मृत्यु भएको छ। अफगानिस्तानको गृह मन्त्रालयले शनिबार प्रकाशन गरेको विज्ञप्तिमा सो जानकारी दिएको छ। देशका विभिन्न ठाउँमा भएका आतंककारी विरुद्धका कारबाहीमा ती व्यक्तिले ज्यान गुमाएका गृह मन्त्रालयले जानकारी दिएको छ।

गत २४ घन्टासम्म जारी राखेको कारबाहीमा ती तालिवान आतंककारी मारिएका सो विज्ञप्तिमा उल्लेख गरिएको छ।

अफगान राष्ट्रिय सुरक्षाबल (एएनएसएफ) ले बादख्सान, कान्दाहार, उरुजगान, हेरात र हेलमन्ड प्रान्तमा जारी सो कारबाहीको क्रममा थप १७ जना सशस्त्र तालिवान आतंककारी पक्राउ परेका छन्। त्यस कारबाहीका क्रममा अरू केही तालिवानलाई पनि सेनाले पक्राउ गरेको पनि सो विज्ञप्तिमा जनाइएको छ।

अफगानिस्तानमा गत जनवरीदेखि नेटोसँग आबद्ध प्रायः सैनिक फर्किसकेका छन्। हाल त्यहाँ अफगान सेनाले नै कारबाही गर्ने गरेको छ।

पछिल्लो समयमा तालिबानले पनि अफगानिस्तानका विभिन्न स्थानमा सुरक्षाकर्मी र सरकारी अधिकारीलाई लक्ष्य गरी आक्रमणलाई तीव्र पारेका छन्।

# जंगल आगलागीमा दर्जनौं घर नष्ट

**एजेन्सी**
अस्ट्रेलिया, ११ पुस

अस्ट्रेलियाको भिक्टोरिया राज्यमा भएको आगलागीमा दर्जनौं घर नष्ट भएका छन्। क्रिस्चियन धर्मावलम्बीको महान् पर्व क्रिसमस मनाइरहेका बेला भएको आगलागीमा सो राज्यको वाए नदी आसपास रहेका करिब १ सय घर नष्ट भएको अधिकारीले जनाएका छन्। तर, आगलागीमा कुनै पनि मानवीय क्षति नभएको बताइएको छ।

भिक्टोरियाको दक्षिण पश्चिम स्थित बिदा मनाउने प्रसिद्ध ग्रेट ओसन मार्ग नजिक लागेको सो आगो निभाउन सैयौंको संख्यामा अग्नि नियन्त्रक यन्त्रहरूको परिचालन गरिएको छ।

सो क्षेत्रबाट स्थानीय बासिन्दा र पर्यटक गरी करिब २ हजार जनालाई सुरक्षित स्थानतर्फ लगिएको अधिकारीले जानकारी दिएका छन्।

सो क्षेत्रका धेरै बासिन्दा आफ्नो घर छाडी तत्काल निर्माण गरिएका बासस्थानमा क्रिसमस मनाउन बाध्य भएका थिए। अधिकारीका अनुसार आगो नियन्त्रणका लागि ५ सय बढी अग्नि नियन्त्रक, ६० ट्यांकर र १८ जहाज परिचालन भएका छन्।



भिक्टोरिया आपत्कालीन व्यवस्थापन आयुक्त क्रिग लाप्सेलीले आगो नियन्त्रणमा लिन घडीको सुइको गतिमा कार्य भइरहेको बताए। उनले तत्कालका लागि चुनौती नभए पनि आगामी साता आगलागी हुने सक्ने सम्भावना भने जीवितै हुन सक्ने पनि स्पष्ट गरे।

अधिकारीहरुले सो क्षेत्रमा बिदा मनाउनका लागि भ्रमण गर्न चाहनेलाई सर्वप्रथम आपत्कालीन चेतावनीका सूचना हेरेरमा मात्र योजना बनाउन पनि आग्रह गरेका छन्।

करिब एक साताअघि चट्याङका कारण सुरु भएको आगलागी हावाका कारण तीव्र रूपमा फैलिएको र करिब २ हजार हेक्टर बढी जंगल नष्ट भएको अधिकारीको भनाइ छ।

सन् २००९ मा भिक्टोरियमा भएको आगलागीका कारण करिब २ सयजनाको ज्यान गएको थियो।


**Government of Nepal**
**Ministry of Federal Affairs and Local Development**
**Office of District Development committee**
**District Technical Office**
**Decentralized Rural Infrastructures and Livelihood Project-Additional Financial (DRILP)-AF**
**District Project Office, Okhaldhunga**
**First Date of Publication: Dec 27, 2015**
**Extension of Bid Validity & Bid Security Period of Contract Identification No.: DRILP-AF/OKH/RKR/NCB-03 & DRILP-AF/OKH/KSR/NCB-04**

In case of Rumjatar-Khartekhola-Serna-Sewa-Kendra Road Construction Road: Contract Identification No:DRILP-AF/OKH/RKR/NCB-03 & DRILP-AF/OKH/KSR/NCB-04 all concerned bidders are here by requested in accordance with clause No: 18.2 of instruction to bidders of bidding document for extension of bid validity and bid security validity to February 4, 2016 and March 3, 2016 (for one months from last date January 4, 2016 and February 3, 2016). The bidders letter for acceptance of extended bid security and extended bid validity documents must reach the District Project office, Okhaldhunga with in office hours by January 3, 2016.

Project Coordinator


# सिरियामा मुख्य विद्रोही कमान्डर मारिए

**एजेन्सी**
टर्की, ११ पुस

सिरियामा जारी द्वन्द्वका क्रममा भएको हवाई आक्रमणमा एक प्रसिद्ध विद्रोही कमान्डर मारिएका छन्। राजधानी दमास्कस क्षेत्रमा सशस्त्र लडाकु समूहको सञ्चालन गर्दै आएका जाहरन अल्लोउस मारिएको बताइएको छ।

तर कसले सञ्चालन गरेको आक्रमणमा मारिएका हुन् भन्ने बारेमा भने यकिन हुन सकेको छैन। विद्रोहीहरूको पकड रहेको पूर्वी घोउतामा भएको हवाइ आक्रमणमा आर्मी अफ इस्लामका प्रमुख अल्लोउससहित अन्य ५ जना कमान्डरपनि मारिएको बताइएको छ।

सिरिया सरकारले आफुले सो आक्रमण गरेको भन्दै जिम्मेवारी दाबी गरेको छ। तर केही स्रोतलाई उल्लेख गर्दै सञ्चारमाध्यमले रसियाका लडाकु बिमानले आक्रमण गरेको जनाएका छन्। करिव २० हजार ससस्त्र विद्रोही समूहका नेताको मृत्युपछि सिरियाका विपक्षीलाई ठुलो धक्का लागेको छ।

राष्ट्रपति बसद अल असदका लागी साउदी अरेबियाको सहयोग प्राप्त अल्लोउस सधै चुनौतीका रूपमा रहेको पनि बताइएको छ।


पदपूर्ति समिति

**सन्धिखर्क नगरपालिका कार्यालय**

सन्धिखर्क, अर्घाखाँची

**बढुवा सम्बन्धी सुचना**

सूचना प्रकाशन मिति: २०७२/०९/१२

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५ (ख) को उपनियम (२) बमोजिम कार्यसम्पादन तथा अनुभवनको मूल्यांकद्वारा गरिने बढुवा प्रयोजनको लागि मिति २०७२/०७/१७ मा प्रकाशित सूचना नं. २/०७२/७३ बमोजिम मिति २०७२/०९/१० गतेको यस नगरपालिका कार्यालयको पदपूर्ति समितिको बढुवा नियुक्ती सिफारिसअनुसार देहायबमोजिमको पदमा देहायअनुसारका उम्मेदवार सिफारिस भएकोले नियमानुसार हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | पद संख्या | सिफारिस भएको पद | सिफारिस भएको उम्मेदवार | सम्बन्धित कार्यालय |
|---|---|---|---|---|
| १. | १ | सब ईन्जिनियर सहायकस्तर पांचौ प्राबिधिक | नारायण पोखेल | सन्धिखर्क नगरपालिका कार्यालय, अर्घाखांची |

सदस्य सचिव
पदपूर्ति समिति



## सामुदायिक वन उपभोक्ता महासंघ नेपाल

**सामुदायीक वन उपभोक्ता समुहहरुको डाटा व्यवस्थापनका लागि परामर्श सेवा लीने सम्वन्धमा बोलपत्र आह्वानको सुचना**

प्रकाशित मिति: २०७२।९।१२

सामुदायीक वन उपभोक्ता महासंघ नेपालले यूसएडको आर्थिक सहयोगमा डब्लू डब्लू एफ नेपाल, केयर नेपाल र नेपाल प्रकृती संरक्षण कोषको साझेदारीमा संचालित हरियो वन कार्यक्रम अन्तरगत २५ वटा जिल्लका वन उपभोक्ता समुहहरुको डाटा व्यवस्थापनका लागि परामर्शदाता कंपनी मार्फत राष्टिय स्तरमा खुला बोलपत्रको माध्यमवाट सेवा खरिद गर्नुपर्ने भएकोले स्थायी लेखा नम्बर, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र भएका इच्छुक फर्म, कम्पनी वा संस्थाहरुवाट निम्नानूसार सर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र दाखिला गर्नूहून यो सुचना प्रकाशित गरिएको छ।

१. बोलपत्र फाराम यस महासंघको लेखा शाखावाट प्राप्त गर्न सकिनेछ।
२. विस्तृत प्राविधिक स्पेसिफिकेसन बोलपत्र फारमसाथ उपलब्ध हुनेछ।
३. यो सुचना प्रथमपटक प्रकाशित भएको मितिले ७ औं दिनको ४.०० बजेभित्र यस कार्यालयमा बोलपत्र पेश गर्नूपर्नेछ।
४. बोलपत्रदाताले फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चूक्ता प्रमाणपत्रहरुको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नूपर्नेछ।
५. बोलपत्रको सुचना प्रथमपटक प्रकाशित भएको मितिले ८ औं दिन, दिनको ३.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। निजहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
६. बोलपत्र खोल्ने दिन बिदा परेमा सोपछि कार्यालय खूलेको दिन सोही समयमा खोलिनेछ।
७. बिल अफ क्वान्टिटिजमा निर्दिष्ट भएअनूसार जम्मा कबोल रकम उल्लेख गरी सो रकममा मुल्य अभिवृद्धि करसमेत जोडी कूल जम्मा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नूपर्नेछ। इकाईगत जोडसम्मको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
८. रीत नपूगेको, म्याद नाघी प्राप्त भएको, केरमेट भई अंक तथा अक्षरमा नबूझिने, बोलपत्रदाताको हस्ताक्षर नभएको वा सिलबन्दी नभएको बोलपत्रउपर कूनै कारबाही गरिने छैन।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, आशिंकरुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस महासंघमा सूरक्षित रहनेछ।
१०. अन्य कूराहरु महासंघको आर्थिक प्रशासनिक नियमावली २०६५ तथा अन्य प्रचलित कानूनवमोजिम हूनेछ।

USAID FROM THE AMERICAN PEOPLE · WWF · care



# वर्गीकृत विज्ञापन

**आइतबार, मंगलबार, बिहीबार र शनिबार**

### घर, टहराहरू भाडामा
बालकोटमा फ्याक्ट्री, पोल्ट्री, च्याउ खेतीलाई, घर टहराहरु भाडामा। ५६३९७४४

### जग्गा बिक्रीमा
साँखु पालुवारीमा २ आना ३ पैसा जग्गा बिक्रिमा ९८४१४४५०४३, ९८४३४४६५३६

६ आना चारपाटे जमिन आठ फुटको बाटोभएको कुपण्डोल नाइटिङगल स्कूल नजिक ९८५११३३१६७, १० देखि ४ बजे सम्म।

पालबारी ५ आना, २ आना तीन पैसा जग्गा बिक्रीमा ९८४१४४५०४३

### चाहियो
सितापाईला स्वयम्भू कलंकी वरीपरी एरियामा बस्ने २३ वर्ष देखि ३५ वर्षसम्मको ड्राइभर चाहियो ४००१५६४, ९८६०८३३६७६

१०० जनालाई चिकेन, १०० जनालाई मटन, ३०० जनालाई तरकारी, २० जनालाई फिसकरी पकाईदिने मात्र थकाल्नी भान्से चाहियो मासिक 50,000/- 9818003028

### बिक्रीमा
एयरपोर्टमा ट्राभल्स एन्ड टुर्स बिक्रीमा ९८४९९४७२१६

पानी तताउने सोलार, पानी फिल्टर फोन नं.: ९७४१००४६७९

लुभु बसपार्क नजिकै घडेरी बिक्रीमा १२ फुटे कच्ची मोटर बाटो भएको १४ आना घडेरी बिक्रीमा सम्पर्क : ९८५११८११४१

### सवारी साधन
नौसिटर जिप रिजर्भ टुर टिकेटिङ चाहियमा ४००१५६४, ९८६०८३३६७६

### मर्मत
कलर टेलिभिजन ग्यारेन्टीसाथ घरमै मर्मत ९८४१७९३५८६, ९८१५०२७२४०

### सम्पर्क
के तँपाईलाई सेक्युरेटीको प्रमाणपत्र चाहियो, चाहियो भने सम्पर्क गर्नुहोस ९८११३३७६६६

Water Pump, रिवाईन्डीङ-१२०० राईस कुकर रिपेरिङ- २०० फ्रिज ग्याँस चारजिंङ -१०० ३ वर्ष ग्यारेन्टी

### तिर्थयात्रा
गंगासागर, तिनधाम, ११-ज्यो तिलिङ्ग, गयाकाशी 01-4462024, 9803017032

### आवश्यकता
महिला कर्मचारी आवश्यकता मो.नं. ९८०३१७८५९८ कलंकी।

यस Dragon Recruitment and Security Services Pvt. Ltd. लाई सुरक्ष गार्ड आवश्यकता भएको ले इच्छुक व्यक्तिले आवेदन दिनु होला। योग्यता : उचाई : ५.५ फिट, तौल ५६ के.जी योग्यता : S.L.C. वा सो सरह तलव: कम्पनीको नियम अनुसार सम्पर्क : ललितपुर-५, लगनखेल फोन : ५५३०८५४ मो ९८५१०५२९७३

### फल्याट भाडामा
कुमारीपाटी हाईवेमा अफिसहरुलाई अति उपयुक्त तिनकोठाको फल्याट ९८५११२३७३७, ५५४२९४६

महाकविमार्ग डिल्लीबजारमा चार कोठा दुई बाथरुम र भान्सा सहित फल्याट भाडामा, मोटर जाने ठाउं सम्पर्क : ४४१३५२३, ९८४१२३१०९३

**राजधानी राष्ट्रिय दैनिकको वर्गीकृत/डिस्प्ले विज्ञापन संकलनका लागि विभिन्न स्थानमा बुकिङ्ग काउण्टर खोलिएकाले सम्पर्क राखि लाभ उठाउनुहुन सहर्ष जानकारी गराउँछौं**

⇨**सोह्खुट्टे,** नयाँबजार, गोरखा न्यूज :-४३५५७६०, ⇨**लगनखेल,** ब्रासिस बुक्स एण्ड स्टेशनरी : ९८४१८७२१८१, ५५४१३०० ⇨**चावहिल,** युनाइटेड आइटी सोलुसन: ९८५१०३०६७५, ⇨**नयाँ बसपार्क,** न्यू पोखरा अडियो सेन्टर :- ४३८०५८२, ⇨**नयाँ बसपार्क,** पशुपती कम्युनीकेशन :- ४३६६११२, ⇨**भक्तपुर,** सल्लाघारी तीनकुने, पुण्य श्री स्टेशनरी :- ६६१५५१२, ⇨**कालिमाटी,** पब्लिक कन्ट्याक प्वाइन्ट :- ४६७४८०१, ⇨**पुरानोबानेश्वर चोक,** बीडलिंक मिडिया प्रा.लि. :- ४४९२३०९/२०१४९३२, ⇨**हात्तीसार,** लुम्बिनी कम्युनीकेशन :- ४४४५२९४, ⇨**मैतिदेवी,** बाबा स्टेशनरी एण्ड सेक्रेटरीयल इन्टरप्राइजेज :- ४४४४०१९, ⇨**ज्याठा,** एपिनेट कम्प्युटर :- ४२५८६०६, ⇨**मिनभवन,** ग्लोबल बुक्स एण्ड स्टेशनरी: ४१०७१२८/४१०७४७७, ⇨**गोंगबु चोक,** लोटस कम्युनिकेशन :- ४३६४७५१, ⇨**बसुन्धरा,** एम.एस. सेडाँई बुक्स एण्ड स्टेशनरी :- ४३५६४७५, ⇨**कोटेश्वर,** कबिन बक्स एण्ड स्टेशनरी :- ४६००१६७, ⇨**चावहिल,** अदिती विज्ञापन सेवा :- ९८४१०२६३८१, ⇨**क्षेत्रपाटी डल्को,** कम्युनिकेशन प्लस :- ४२६६७५१, ⇨**सुन्धारा,** सुन्धारा टेलिकम :- ४२२०१८२, ⇨**कीर्तिपुर,** किपु बुक्स प्वाइन्ट :- ४३३१७७५, ⇨**ठमेल,** हाइलाइट मिडिया :- ४४१७३३३, ⇨**बागबजार,** विश्व नेपाली पुस्तक सदन :- ४२२४२२६, ⇨**जोरपाटी,** स्मार्ट इन्भेष्टमेन्ट प्रमोशन नेपाल प्रा.लि. :- ४९१३०१०, ९७४१०१७२५३, ⇨**लगनखेल,** निशा बुक्स एण्ड स्टेशनरी :- ५५३१९५७, ९८४१६२७४८९, ⇨**नयाँ बानेश्वर,** पाथिभरा इन्टरप्राइजेज : ९८४१४४५६९०, ४४९८०३७, ⇨**सैबु भैसेपाटी,** डंगोल बुक्स एण्ड स्टेशनरी सेन्टर :- ९८४१५०२७७, ५५९०६५८, ⇨**बीरगंज त्रिमुरती चोक,** अमृत पुस्तक भण्डार : ९८४९९७०७८९, ⇨**हेटौडा,** शिवालिक इन्टरप्राइजेज ९८४५२८९०९८, ⇨**भरतपुर, चितवन,** शुभप्रभात मिडिया हाउस ९८५५०६३४०७

**सम्पर्क नं.:- काठमाडौं, ५५४६३००, फ्याक्स: ५०११५९४/ नेपालगञ्ज, ०८१-५२५९३४/पोखरा, ०६१-५३३४३७/बुटवल, ०७१-४३७४५५**

# रेन्जन र माहिकालाई उपाधि




**काठमाडौं/रास–** रेन्जन लामा र माहिका राणाले १४औं जयकर स्मृति जुनियर राष्ट्रिय खुला लनटेनिस प्रतियोगिताको यू-१८ सिंगल्स उपाधि शनिबार जितेका छन्। रेन्जन ब्वाइज र माहिका गर्ल्समा च्याम्पियन बने।

सातदोबाटोस्थित टेनिस कोर्टमा भएको ब्वाइज फाइनलमा रेन्जनले विवेक श्रेष्ठलाई ६-० र ६-० ले सहजै पराजित गरे। गर्ल्सको उपाधि भिडन्तमा माहिकाले एनी माथेमालाई ६-७, ७-५ र ६-१ ले हराइन्। सेमिफाइनलमा माहिकाले जुम्ल्याहा दिदी मायंका तथा एनीले जुम्ल्याहा बहिनी क्याथ्रिन माथेमालाई निराश पार्दै उपाधि भिडन्त पक्का गरेका थिए। विजेताले २५ हजार र उपविजेताले १२ हजार ५ सय नगद पुरस्कार हात पारे।

मनजयकर टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगिताको यू-१४ ब्वाइज सिंगल्समा प्रशान्त बस्नेत पहिलो भए। उनले फाइनलमा दीपेश केसीको चुनौती ६-२ र ६-२ ले समाप्त पारे। सो स्पर्धाको गर्ल्समा इरा रावत पहिलो भएकी थिइन्। विजेताले २० हजार र उपविजेताले १० हजार नगद पुरस्कार जिते।

त्यस्तै, सिंगल्सको यू-९ ब्वाइजमा आदित्य सुवेदी र गर्ल्समा शुभांगीलक्ष्मी शाह तथा यू-१० ब्वाइजमा आरभसम्राट् हाडा र गर्ल्समा रायना शाह पहिलो भएका थिए। डबल्सको ब्वाइजमा रेन्जन लामा र सक्षम कार्की तथा गर्ल्समा जुम्ल्याहा दिदीबहिनी मायंका र माहिका राणाको जोडीले उपाधि जितेका थिए।

प्रतियोगिताको कुल नगद पुरस्कार राशि २ लाख ४८ हजार रुपैयाँ रहेको छ। यू-९ का विजेताले ७ हजार ५ सय र उपविजेताले ४ हजार, यू-१० का विजेताले १० हजार र उपविजेताले ५ हजार तथा डबल्सका विजेताले २० हजार र उपविजेताले १० हजार नगद पुरस्कार प्राप्त गरे।

विजेतालाई चौधरी ग्रुपकी एक्सिक्युटिभ अश्रयता कार्की चौधरी, नेपाल ट्रायथलन संघका महासचिव निलेन्द्रराज श्रेष्ठलगायतले एक कार्यक्रमबिच पुरस्कृत गरे।

सोही अवसरमा नेपाल प्रहरी स्कुल, साँगाका लनटेनिस प्रशिक्षक रामकृष्ण जिसीलाई आयोजक मनजयकर टेनिस एकेडेमीले सम्मान गरेको थियो। अखिल नेपाल लनटेनिस संघकी अध्यक्ष ज्योति राणाले जिसीलाई दोसल्ला ओडाउनुका साथै सम्मान पत्र प्रदान गरिन्। मंगलबारदेखि सुरु प्रतियोगितामा विभिन्न १० स्पर्धामा १ सय १ खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

# नेपाल आज भारतसँग भिड्दै

## नेपाललाई जित्नै पर्ने चुनौती



**काठमाडौं/रास–** साफ सुजुकी फुटबल च्याम्पियन सिपअन्तर्गत नेपालले आइतबार भारतसँग भिड्नेछ। ओपनिङ म्याचमा श्रीलंकासँग १-० हार बेहोरेको नेपालले भारतविरुद्ध जित्नैपर्ने बाध्यता रहेको छ। भारतविरुद्धको खेलमा नेपालले जित हात नपारे प्रतियोगिताको समूह चरणबाटै बाहिरिनेछ।

समूह एबाट भारत र श्रीलंकाले १/१ जित हात पार्दै समान ३ अंक जोडेका छन्। आयोजक भारत गोलअन्तरका कारण समूहको शीर्ष स्थानमा छ। भारतविरुद्ध नेपालले १-० को जित हात पार्दा पनि अर्को चरण प्रवेश गर्नेछ।

नेपाली टिमका मुख्य प्रशिक्षक प्याट्रिक ओसेम्सले श्रीलंकासँग अन्तिम मिनेटमा पराजित हुन पुग्नु निराशाजनक रहेको बताए। उनले भारतविरुद्ध आक्रामक खेल्ने बताए। 'हामीले भारत-श्रीलंकाको खेल हेर्‍यौं। उनीहरूले साइडलाइनमा बढी पास खेल्छन् र बल क्रस गर्छन्। यदि हामीले मध्यभागमा खेल्यौं भने हामीले भारतलाई समस्यामा पार्न सक्छौं,' प्रशिक्षक प्याट्रिकले भने, 'मध्यक्षेत्रमा हामी उत्कृष्ट खेल्न सक्छौं। भारतसँग मिडफिल्डमा दुई मिडफिल्डर छन् हामी उनीहरूबाट अवसर सिर्जना गर्ने कोसिस गर्नेछौं।'

उनले टिममा गोल गर्न आत्मविश्वासको कमी भएको बताए। 'हामीले अघिल्लो खेलमा पनि धेरै अवसर सिर्जना गरेका थियौं तर स्कोर गर्न नसक्नु भनेको आत्मविश्वास र दक्षताको कमी हो,' उनले भने, 'त्यसैले मैले स्ट्राइकरलाई भनेको छु कि सबै कुरा बिर्सिएर खेलमा ध्यान देऊ।'

२०१३ मा नेपालले भारतविरुद्ध जित निकालेको थियो। त्यसपछि नेपाल र भारतको चार पटक भेट भएको छ। जसमा भारतले दुई पटक जितेको छ भने दुई खेल बराबरीमा टुंगिएको थियो। त्यसैले नेपालले भारतविरुद्ध जित्नुलाई चुनौतीका रूपमा लिएको छ। प्रशिक्षक त्यो चुनौती चिर्नेमा विश्वास दिलाउँछन्। 'कहिलकाहीँ फुटबल खेलभन्दा बढी भइदिन्छ। म नेपालमा चार महिनादेखि छु। भारतविरुद्धको खेल फुटबलभन्दा बढी हुनेछ खेलाडीका लागि। फिल्डमा भारत र नेपाल ठुलो प्रतिद्वन्द्वी हुन्। मलाई विश्वास छ नेपालले उत्कृष्ट प्रदर्शन गर्नेछ।'

# पर्वतमा क्षेत्रीय भलिबल हुने




**काठमाडौं/रास–** माघमा पर्वतमा क्षेत्रीय स्तरको पुरुष भलिबल प्रतियोगिता हुने भएको छ। प्रतियोगितामा १६ जिल्लाका टोलीले प्रतिस्पर्धा गर्ने भएका छन्।

पर्वत तिलाहारको नवजागृत उच्च माविमा प्रतियोगिता हुनेछ। विद्यालयको स्वर्ण महोत्सवको पूर्वसन्ध्यामा गर्न लागिएको प्रतियोगितामा पश्चिमाञ्चलका १६ जिल्लाका टोलीलाई सहभागी गराउने आयोजकले बताएको छ। प्रतियोगिता २१ माघदेखि २५ सम्म चल्नेछ। प्रतियोगिताको उद्घाटन खेल नवजागृत उमाविको मैदान र अन्य खेल डिमुवा बजार मैदानमा हुने आयोजकले शनिबार पत्रकार सम्मेलनमा बतायो।

शनिबार पत्रकार सम्मेलनको दौरान राष्ट्रिय टोलीकी उपकप्तान मञ्जु गुरुङ र ढोरपाटन स्पोर्ट्स ट्रेनिङ सेन्टरका अध्यक्ष मनवीर छन्त्याललाई आयोजकले सम्मान गरेको छ। मञ्जुलाई १० हजार र छन्त्याललाई ५ हजारसहित आयोजकले खादा ओडाएर सम्मान गरेको थियो। उनीहरूलाई राखेप सदस्य फत्त बहादुर गुरुङले सम्मान गरेका हुन्।

पश्चिमाञ्चल क्षेत्रका स्थानीय खेलाडीको स्तर बढाउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागेको प्रतियोगिता संयोजक अरुण श्रेष्ठले बताए। प्रतियोगिताको समापन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले गर्ने कार्यक्रम रहेको संयोजक श्रेष्ठले बताएका छन्। प्रतियोगिताको विजेता टोलीले १ लाख ५० हजार, उपविजेताले १ लाख, तेस्रोले ५० हजार र चौथोले १५ हजार रुपैयाँ प्राप्त गर्नेछ।

# स्क्वासमा हीरा र भावना च्याम्पियन



**काठमाडौं/रास–** हीराबहादुर थापा र भावना सुनुवार तेस्रो सिभिल बैंक खुला स्क्वास प्रतियोगितामा शनिबार च्याम्पियन बनेका छन्। सिंगल्सको पुरुषमा हीरा र महिलामा भावना पहिलो भए।

सातदोबाटोमा भएको पुरुष फाइनलमा हीराले प्रवीणवीरसिंह कंसाकारलाई ११-९, ११-४, ८-११ र ११-९ ले पराजित गरे। महिलाको फाइनलमा भावनाले कृष्णा थापालाई ११-८, १३-११ र ११-५ ले हराइन्।

जुनियर पुरुषको यू-१७ सिंगल्समा अमिर ब्लोन पहिलो भए। उनले फाइनलमा दीपक थापालाई ८-११, ८-११, १५-१३, १४-१२ र ११-८ ले पन्छाए।

नेपाल स्क्वास र्‍याकेट्स संघद्वारा आयोजित प्रतियोगिताको मास्टर्स ५० वर्षमाथिको उपाधि किशोर महर्जनले जिते। उनले फाइनलमा लालबहादुर गुरुङलाई ९-११, ११-६, ११-५ र ११-८ ले हराए।

बुधबारदेखि सुरु प्रतियोगितामा विभिन्न ४ स्पर्धामा ८० खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

सिभिल बैंकका सीईओ किशोर महर्जनले प्रतियोगितालाई पछि पनि प्रायोजन गर्दै लाने प्रतिबद्धता जनाए।

# साइपाल र मोर्गन क्वार्टरफाइनलमा

**काठमाडौं/रास–** साइपाल एकेडेमी 'बी' र मोर्गन इन्टरनेसनल कलेज प्रथम आइडियल कप अन्तरकलेज सिक्स ए साइड छात्र फुटबल प्रतियोगितामा शनिबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

चाबहिलको गणेशथान चौरमा भएको खेलमा साइपालले नवोदितलाई ४-० गोलले पराजित गर्‍यो। विजेताका सुशान्त श्रेष्ठले २ तथा अजय तामाङ र उजन तामाङले १-१ गोल गरे। मोर्गनले ओलम्पियालाई ४-१ गोलले हरायो। मोर्गनका अनिल चौधरीले ह्याट्रिक गरे भने पवन शाहीले १ गोल थपे। आयोजक आइडियल 'बी' पनि क्वार्टरफाइनलमा पुगेको छ। आइडियलले कुटुम्बलाई १-० को झिनो गोलअन्तरले पाखा लगायो। आइडियलका प्रवीण श्रेष्ठले निर्णायक गोल गरे।

# मन्डे सम्मानित



**काठमाडौं/रास–** राष्ट्रिय कराँते खेलाडी मन्डेकाजी श्रेष्ठलाई मध्यपुर थिमीको शुभश्री बचत तथा ऋण सहकारी संस्थाले सम्मान गरेको छ। शनिबार उनलाई संस्थाको आठौं वार्षिक साधारण सभाको अवसरमा शुभश्री वर्ष उत्कृष्ट खेलाडीबाट सम्मान गरेको हो।

उनलाई नेपाल बचत तथा ऋण सहकारी संघ लि. (नेफ्स्कुन) का पूर्वअध्यक्ष कैलाशभक्त प्रधानांग र संस्थाका अध्यक्ष ज्ञानकृष्ण श्रेष्ठले सम्मान पत्र र नगद पुरस्कार १० हजार रुपैयाँ प्रदान गरे। संस्थाका सचिव काशीभक्त कायस्थले आउँदो समयलाई मध्यनजर राखी खेलकुद जगत्मा पछिल्लो समयमा पनि सहयोग गर्दै जाने जानकारी दिए।

# ग्रान्ड मास्टरलाई सितोरियोको श्रद्धाञ्जली



**काठमाडौं/रास–** विश्व सितोरियो कराँते महासंघका संस्थापक ग्रान्ड मास्टर केन इ माबुनीको निधनमा भएको सातौं दिनको पुण्यतिथिमा नेपाल सितोरियो कराँते संघले शनिबार श्रद्धाञ्जली कार्यक्रम आयोजना गरेको छ।

माबुनीको ९७ वर्षको उमेरमा जापानमा निधन भएको सातौं दिनको पुण्यतिथिमा बौद्धमा श्रद्धाञ्जली कार्यक्रम आयोजना गरिएको नेपाल सितोरियो कराँते संघका अध्यक्ष केदारबाबु शिवाकोटीले बताए।

सिवाकोटीसहित राष्ट्रिय खेलकुद परिषद्का सदस्य फत्त गुरुङ, प्रशिक्षक राम लामालगायतले दीप प्रज्ज्वलन गर्नुका साथै स्व. माबुनीको तस्बिरमा पुष्पगुच्छा चढाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका थिए। दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै १ मिनेट मौनधारण गरिएको थियो।

त्यसैगरी, स्वयम्भूमा भएको कार्यक्रममा १००८ दीप प्रज्ज्वलन गरिएको थियो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सितोरियो कराँते संघले छुट्टाछुट्टै स्थानमा श्रद्धाञ्जलीको कार्यक्रम आयोजना गरेको हो। स्वयम्भूमा भने दावा गुरुङ अध्यक्ष रहेको संघले कार्यक्रम गरेको थियो। दुवै कार्यक्रममा कराँतेका प्रशिक्षक, खेलाडी तथा पदाधिकारीको उपस्थिति रहेको बताइएको छ।


Government of Nepal
Ministry of Federal Affairs & Local Development
**Office of District Development Committee**
Bidur, Nuwakot

**Invitation for Bid (Bid Call Notice)**

***First date of bid call: 2072/09/12***

1. Invitation for Bid (bid call notice) is open to all short listed solar companies for Institutional/Community based Solar PV Systems by Alternative Energy Promotion Center.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the DDC Office Nuwakot, Ph No 010-560144.
3. Bidding documents may be purchased from the office of ***DDC, Nuwakot*** on the submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table until ***25 January 2016*** within office hour. For the purpose of bidders who choose to submit their bid electronically through E- procurement section of PPMO's web site www.bolpatra.gov.np may choose to download the necessary part of bidding documents, prepare their bids and submit their electronic bids as specified in the instructions to bidders, in case the bidder choose to download and submit bid electronically, the bidder shall be required to deposit the cost of bidding document ( as specified in the below table) in the DDC, Rajaswa ( revenue) account either by direct deposit or by tele-transfer of deposit in the DDC account for the purchase the bids as specified below and electronic scanned copy (PDF format) of the bank deposit voucher or Tele-transfer certificate shall also be submitted alone with the electronic bid files.
4. All works for the project shall be carried out in a single package. The contract includes all necessary work, supply, supervision of part of civil works and services for the completion of the project.
5. Applicants shall have to submit the **closed tender** with the following documents:
   5.1 Detail technical and financial proposal;
   5.2 Technical proposal must have detail technical design and calculation, line diagram of electro-mechanical system and the technical specification sheets of the proposed components;
   5.3 Grounding and Protection is necessary in the (PVPS). Proposals without the appropriate grounding and the protection in the system will be rejected.
   5.4 The performance warranty period is 5 years.
   5.5 Financial proposal must have the break down cost of components required;
   5.6 Work plan schedule of activities to be incorporated for the completion of the project;
6. Sealed Bids must be submitted to the office of ***DDC, Nuwakot*** on or before 12:00 hours (noon) on ***26 January 2016.*** Alternatively, bidders may submit their bid electronically through E-procurement section of PPMO's web site www.bolpatra.gov.np as specified in the instruction to bidder. Documents received after this deadline shall not be accepted.
7. Information to deposit the cost of bidding document in bank:
   Name of the Bank: **Nepal Bank Limited, Trishuli**
   Name of Office: **Office of District Development Committee, Nuwakot**
   Bank Code no: **026**
   Office Account no: **26-51-4750**
   Rajaswa (revenue) shirshak No. **Ga-4-3-1**
8. Bids shall be opened physically and electronically in the presence of Bidders' representatives who choose to attend ***13:00 hours on 26 January 2016*** **at** the office of ***District Development Committee, Nuwakot.*** Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to as mentioned below ***(Inclusive of VAT)***, which shall be ***valid for minimum 30 days*** beyond the bid validity period .The opening process will not be hampered even if applicants' representatives are not present.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
10. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.
11. The applicants should provide all the required documents stated in clause 5 above, and, if any particulars are missing then the bid document of the applicant will be considered as invalid.
12. Pre-bid meeting shall be held at DDC Nuwakot Office, Bidur Nuwakot at 2.00 P.M. on 11 January 2016.
13. The bidders are advised to visit and assess the actual site conditions before submitting their bid. DDC, Nuwakot shall not be responsible for any costs or expenses incurred by bidders in connection with the preparation or submission of Bids.
14. ***DDC, Nuwakot*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
15. The name and identification of the contract are as follows

| Tender No. | Name of Project | Name of Contract | (Estimated Cost) (without VAT) NRs | Bid security amount NRs | Fee for bid document NRs | Remarks |
|---|---|---|---|---|---|---|
| 01/Nuw/ Energy/ 072/73 | *Aapchour A solar Pumping Irrigation Project* | Design, Supply, Construction/ Erection/ Installation, Supervision, Testing and Commissioning of transmission pipeline *and* electro-mechanical system of *Aapchour A solar Pumping Irrigation Project* | 3,130,164.42 | 79,000.00 | 1,000/- | |
| 02/Nuw/ Energy/ 072/73 | *Aapchour B solar Pumping Irrigation Project* | Design, Supply, Construction/ Erection/ Installation, Supervision, Testing and Commissioning of transmission pipeline *and* electro-mechanical system of *Aapchour B solar Pumping Irrigation Project* | 3,431,640.13 | 86,000.00 | 1,000/- | |
| 03/Nuw/ Energy/ 072/73 | *Kabilash solar Pumping Drinking water Project* | Design, Supply, Construction/ Erection/ Installation, Supervision, Testing and Commissioning of transmission pipeline *and* electro-mechanical system of *Kabilash solar Pumping Drinking water Project* | 993,407.61 | 25,000.00 | 1,000/- | |


**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आशिष शेरचन**, सम्पादक : **राजन शर्मा**